संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स


SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १४, ● पूर्णाङ्क ३०३, ● अंक १९ ● २०८० साल असार १-१५ गते (16 June, 30 June, 2023) ● मूल्य रु. १०

# नेपालमा अमेरिकासँग आरएसएसको कनेक्सन



- अमेरिका जस्तो शक्तिशाली देशले प्रतिवेदन सार्वजनिक गरेर यस्तो ठूलो आरोप लगाउँदा नेपालका हिन्दु स्वयंसेवक संघ मौन रहनुले धेरै प्रश्न उठाएको छ।
- भारतको सबभन्दा ठूलो संगठन 'राष्ट्रिय स्वयमसेवक संघ'सँग सिधा सम्बन्ध राख्ने नेपालस्थित 'हिन्दू स्वयमसेवक संघ'ले दुई देशबीच जनस्तरमा बेलाबखत हुने असमझदारीलाई झन् मलजल गर्ने गरेको हिन्दु राष्ट्र अभियानमा लागेका एक स्वयंसेवकले आरोप लगाउनु भएको छ।
- अमेरिकाद्धारा प्रकाशित नेपालको धार्मिक स्वतन्त्रता सम्बन्धि प्रतिवदेनमा राष्ट्रिय स्वयमसेवक संघले आफ्नो उपकरणमार्फत नेपालमा हिन्दू राष्ट्र स्थापनाको लागि पैसा दिने गरेको उल्लेख गर्दा समेत संघको प्रमुख प्रचारक दिपक अधिकारी सो प्रतिवेदनमाथि मौन रहनाले समेत संघका कार्यकर्ताहरुको आशंकालाई बल पुगेको देखिन्छ।

संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दा नेपालमा चर्चाको विषय बन्यो। अमेरिकी विदेशमन्त्री एन्थोनी जे ब्लिंकेनले सार्वजनिक गरेको 'अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता प्रतिवेदन'मा नागरिक समाजका अगुवाहरूलाई उद्धृत गर्दै ' हिन्दूराष्ट्रका पक्षमा बोल्न नेपालका नेताहरूलाई भारतीय जनता पार्टी (भाजपा)सँग सम्बन्ध भएका धार्मिक समूहले पैसा दिँदै आएको दाबी गरेको हो।

यसको खण्डन भारत सरकारको विदेश मन्त्रालयले गर्‍यो तर त्यसमा जसले नेपालमा हिन्दु राष्ट्र निर्माण अभियानका लागि काम गरिरहेको छ त्यो संस्था मौन रहनुले विभिन्न प्रश्न उठाएको छ। भारतको सबभन्दा ठूलो संगठन 'राष्ट्रिय स्वयमसेवक संघ (आरएसएस)' सँग सिधा सम्बन्ध राख्ने नेपालस्थित ' हिन्दू स्वयमसेवक संघ' ले हालसम्म यसको बारेमा बोलेको छैन। हिन्दु स्वयंसेवक संघको फेसबुक र अनलाईन सर्च गर्दा त्यो प्रतिवेदनमाथि बोलेको डकुमेन्ट्स कही फेला पार्न सकिएको छैन। यसको दुईटा अर्थ लाग्छन् या यो संघले आरएसएसमार्फत नेपालका दलहरुलाई पैसा दिएर हिन्दु राष्ट्रका लागि 'कन्भिन्स' गरिरहेको छ या अमेरिकाको त्यो प्रतिवेदनलाई समर्थन गरेको छ। भारतीय जनता पार्टीले हिन्दु धर्मका लागि आरएसएसमार्फत काम गरिरहेको कुरा जगजाहेर छ। र, त्यही आरएसएसले नेपालमा आफ्नो अभियानलाई हिन्दु स्वयंसेवक संघमार्फत चलाई रहेको छ। नेपालमा भाजपाले हिन्दु मिसन चलाई रहेको छ भन्नुको अर्थ त्यसमा आर एसएसको प्रत्यक्ष संलग्न रहेको पुष्टि हुन्छ र आरएसएसले नेपाल हिन्दु स्वयंसेवक संघमार्फत काम गरिरहेको कुरा पनि छर्लङ छ। अमेरिकी प्रतिवेदनमा भनिएको छ, 'नागरिक समाजका अगुवाहरूले उनीहरूले दक्षिणपन्थी भन्ने गरेको भारतको भाजपासम्बद्ध धार्मिक समूहहरूले सबै राजनीतिक दलका प्रभावशाली नेताहरूलाई हिन्दूराष्ट्रका समर्थनमा बोल्न निरन्तर रूपमा रकम उपलब्ध गराउने गरेका छन्।'

अमेरिका जस्तो शक्तिशाली देशले प्रतिवेदन सार्वजनिक गरेर यस्तो ठूलो आरोप लगाउँदा नेपालका हिन्दु स्वयंसेवक संघ मौन रहनुले धेरै प्रश्न उठाएको छ। हिन्दु स्वयंसेवक संघ र अमेरिकाबीच कनेक्सनले रहेको कुरा विभिन्न तथ्यले प्रमाणित गरेको छ। पछिल्लो समय नेपालमा विभिन्न कारणले नेपाल-भारत सम्बन्ध विवादमा आइरहेको छ। कहिले अखण्ड भारतको कुरा आउँछ त कहिले ग्रेटर नेपालको त कहिले लिपुलेक

बाँकी पृष्ठ ९ मा

# प्रचण्डबिना उपेन्द्र अधुरो !

नेपाल राजनीतिकलाई फर्केर हेर्ने हो भने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव तीन पटक मात्र अलग अलग रहनुभएको छ। पहिलो पटक २०६३ चैत ७ गते गौर कण्ड हुँदा माओवादीले भौतिक कारवाही गर्ने भनि उपेन्द्र यादवलाई खोज्न थालेपछि, दोस्रो, संविधान निर्माणको क्रममा २०७२ जेठ २५ गते १६ बुँदे सम्झौता हुँदा र तेस्रो, २०७९ को प्रतिनिधि सभा चुनावमा २०७९ असोज २१ गते उपेन्द्र यादवले पाँच दलीय गठबन्धन छाडेपछि।

त्यसबाहेक प्रचण्ड र उपेन्द्र यादव बीचको दोस्तीमा सानोतिनो ब्रेकर बाहेक कहिले ब्रेक लागेन। भारतमा माओवादीका नेता सुरेश आलेमगर मोहन वैद्य किरणलाई पक्राउमा उपेन्द्र यादवमाथि आशंका गरिएको बेला पनि प्रचण्ड उहाँमाथि सफ्ट नै हुनुहुन्थ्यो। सुरेश, किरण र उपेन्द्र एकैपटक पक्राउ पर्नुभएको थियो तर उपेन्द्र तुरन्तै रिहा भएपछि माओवादीले उहाँमाथि नै आशंका गरिएको थियो।

गौर कण्डामा प्रचण्ड र उपेन्द्र बीचको सम्बन्धमा नराम्रो गरि चिरा पर्‍यो। त्यही गौर काण्डका कारण मधेश आन्दोलनमा माओवादी र तत्कालिन फोरमबीच द्वन्द थियो र लहानको घटना भयो। मधेश आन्दोलनको क्रममा १३ बुँदे र २२ बुँदे सम्झौता सरकारसँग हुँदा पनि प्रचण्ड र उपेन्द्रको सम्बन्धमा सुधार आएको थिएन।

तर राजनीतिक विकासक्रमले दुई जना नेतालाई नजिक ल्याउन काम गर्‍यो। २०६४ फागुन ८ गते बालुवाटारमा भएको आठ बुँदे सम्झौतापछि दुई जना बीचको सम्बन्धमा आएको सुधारले कहिले पनि एक अर्काको साथ छाड्नु भएन।

आन्दोलन होस् या सरकार उपेन्द्र यादव हरहमेसा प्रचण्डको साथमा हुनुहुन्थ्यो। उपेन्द्र यादवलाई अप्ठ्यारो पर्दा प्रचण्डले सघाउने, प्रचण्डलाई अप्ठ्यारो हुँदा उपेन्द्र यादवले सघाउने दुई जनामा समझदारी नै हो जस्तो लाग्छ। एउटै स्कूलिङबाट राजनीतिमा आएका हुनाले हुनसक्छ जस्तोसुकै प्रतिकुल अवस्थामा पनि उहाँ दुवै जनाको बीचमा कुरा मिलिहाल्छ र सहकार्य हुन्छ। लाग्छ अब एक अर्काबिना दुवै जना अधुरो हुनुहुन्छ। प्रचण्डले आफ्नो नेतृत्वमा बनाएको सरकार होस् या आन्दोलनको मोर्चा अथवा चुनाव गठबन्धन त्यसमा उपेन्द्र यादव अनिवार्य नै हुन्छ।

प्रचण्ड तीन पटक सरकारको नेतृत्व गर्नुभयो। तीनै पटक उपेन्द्र यादव प्रचण्डको सहयात्री मात्र होइन, मुख्य हर्ताकर्ता नै हुन्थ्यो। राजनीतिको हरेक मोडमा उपेन्द्र यादवलाई प्रचण्डले सहयोग गरेको छ मानौ प्रचण्ड बिना उपेन्द्र यादव अधुरो हुन्छ। त्यही भएर होला आफूलाई क्षति पुर्‍याएर भए पनि प्रचण्डले उपेन्द्र यादवलाई सहयोग गरिरहनु भएको हुन्छ। पछिल्लो समय पनि प्रधानमन्त्री प्रचण्डले साथ नदिएको भए उपेन्द्र यादवको 'ड्यामेज कन्ट्रोल' हुँदैन्थ्यो। चुनाव हारेका उपेन्द्र यादव प्रचण्डकै कारण पुनः उपचुनाव जितेर संसदमा आउनु भएको छ। यहाँसम्म कि अहिले जसपाका अध्यक्ष यादवसँग उपराष्ट्रपति छ र मधेश प्रदेश सरकारको नेतृत्व गरेको छ। यो सब प्रचण्डकै देन हो। माओवादी केन्द्रका एक नेताले भन्नुभयो, 'हुनसक्छ अंक गणितमा प्रचण्डलाई कुनै ठाउँमा उपेन्द्र यादवको आवश्यकता परेको होला तर समग्रमा हेर्ने हो भने उपेन्द्र यादवले जति फाइदा लिनुभएको छ त्यो प्रचण्डको कारण मात्र सम्भव भएको हो।'

सप्तरी-२ बाट चुनाव हार्नुभएका उपेन्द्र यादवलाई जिताएर संसदमा ल्याउन आफ्नो भागमा रहेको उपराष्ट्रपति समेत उहाँलाई दिनुभयो। उहाँले यो कुरा बाराको उपनिर्वाचनमा आयोजित आमसभालाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री प्रचण्डले यो कुरा भन्नुभएको थियो। 'आफ्नो भागको उपराष्ट्रपति दिएर उपेन्द्र यादवलाई मेलै नै बारा-२ मा चुनाव लड्न पठाएको छु' भनि अभिव्यक्ति दिनुभएको थियो।

यतिसम्म कि अहिले कम्युनिष्ट पार्टीहरु मिलेर समाजवादी मोर्चा बनाइरहेका छन्। त्यसमा उपेन्द्र यादव नेतृत्वको जसपामा पनि सहभागी हुने भएको छ। प्रचण्ड, विप्लव, मोहन वैद्य, माधवकुमार नेपाल जस्ता खुनखार कम्युनिष्टहरु छन् त्यही उपेन्द्र यादवको यदि उपस्थित हुन्छ भने त्यो प्रचण्डको कारण सम्भव भएको प्रष्ट बुझ्न सकिन्छ। त्यो मोर्चा वामपन्थी विचारधाराबाट सिंचित हुन्छ, त्यसो भए त्यहाँ उपेन्द्र यादवको के काम, माओवादी केन्द्रका ती नेताले भन्नुभयो, 'उपेन्द्र यादव एकछिन पनि प्रचण्डबिना बाँच्नै सक्नु हुन्न। पानी

बाँकी पृष्ठ १२ मा

## यस भित्र




भारत भ्रमणलाई विवादमा ल्याउनु पूर्वाग्रही सोच हो
● लेख, पृष्ठ ४




हामीले मधेश सरकारलाई काम गर्ने मौका दिएका हौं
● अन्तरवार्ता, पृष्ठ ५



रोजगारको भोकले पत्रकार बनेकी स्नेहा
● मध्यपृष्ठ, पृष्ठ ६



मास्टर बन्न नचाहेका टीएल चौधरी हजारौंलाई दिइरहेका छन् शिक्षा
● पृष्ठ १०



लम्पी स्किन रोगको प्रकोपा
● पृष्ठ ११

## अभिमत

# सम्पादकीय

## मधेशमा 'लु'

गर्मी आउने बित्तिकै सबभन्दा पहिले तराई मधेश सम्झिन्थ्यो तर यसपटक त्यस्तो भएन । हिमालको नाम्चे, मुस्ताङको मुक्तिनाथमा पनि गर्मी महसुस भएको खबरहरू बाहिर आएका छन् । गर्मीले गर्दा हिमालको हिउँ पघ्लेे खबरहरू पनि आएका छन् । अर्थात १४ वर्ष यता गर्मीको सबै रेकर्ड ब्रेक भएका छन् । विगतका दिनहरूमा जहाँ गर्मी महसुस गरिएको थिएन त्यहाँ यसपटक महसुस गरिएको छ । तर केही दिनदेखि मनसुन सुरू भएको कारण ठाउँ ठाउँमा पानी परेको कारण सर्वसाधारणले राहत महसुस गरेको छ । तराई मधेशमा अझै तातो हावा चल्ने गर्मी लाग्ने गरेको छ । जेठ १६ गतेदेखि अत्याधिक तापक्रम बढ्न थालेको हो । यो तापक्रमको वृद्धि तराई, मधेशमा बढी देखिएको छ । तराई मधेशका अधिकाँश ठाउँमा ३५-४० डिग्रीभन्दता माथि नै तापक्रम रहेको छ । जेठ २४ गतेसम्मको तथ्याङ्कमा सबैभन्दा बढी ४३.८ डिग्री तापक्रम रेकर्ड भएको थियो । सन् २०२३ को यो सबैभन्दा बढी मापन हो । यसअघि नेपालमा सन् १९९५ को जुन ५ मा धनगढीमा ४६.४ डिग्री तापक्रम मापन भएको थियो ।

यो नेपालकै सबैभन्दा बढी मापन हो । ओखलढुङ्गामा सन् १९९९ मा सबैभन्दा बढी ३०.९ डिग्री तापक्रम रेकर्ड भएकोमा यसपालि त्यहाँ पनि 'रेकर्ड ब्रेक' भएर ३१.९ डिग्री पुगेको छ । धरानमा सन् २०१३ मा सबै भन्दा बढी ३८.८ डिग्री तापक्रम मापन गरिएकोमा यसपालि सन् २०२३ को जुन ७ मा ३९.३ डिग्री पुगेको थियो । यस्तै इलामको कन्याममा सन् १९९३ मा २९ डिग्री रेकर्ड भएकामा यसपालि यही जुन ५ तारिखमा ३० डिग्री मापन भई 'रेकर्ड ब्रेक' भएको छ । गर्मीका कारण तराई मधेशमा अवस्था चिन्ताजनक रहेको छ । चिसोमा मर्ने मधेशीहरू यो गर्मीमा पनि आफूलाई बचाउन सकिरहेको छैन । गर्मीका कारण तराई मधेसका नागरिकको जीवन कष्टकर बन्दै गइरहेको छ । तातो हावाका कारण थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरु दुख्ने, बान्ता हुने जस्ता समस्या देखिएका छन् । गर्मीका कारण अस्पतालमा विरामीको पनि चाप बढेको छ । हुनेखानेहरूले गर्मीबाट बच्नका लागि विभिन्न उपाय गरेका छन् तर तराई मधेशमा यस्ता घर परिवार छन् जसलाई एक छाक खान समस्या भइरहेको छ ती परिवारको हालत कस्तो होला सहजै अनुमान गर्न सकिन्छ । घरमा अझै बत्ती पुगेको छैन भने पंखा र एस्सी लगाउनु धेरै टाढाको कुरा हो । शुद्ध खानेपानी, नुहाउनका लागि पर्याप्त पानी, पौष्टिक खानेकुरा पनि खान पाएका हुँदैन । त्यस्ता समुदायमा यो गर्मीले धेरै असर पारेको देखिन्छ ।

तातो हावाबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्किँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रहने सुझाव डाक्टरहरूले दिइरहेका छन् । तर गरिब श्रमजिवी जनताका लागि त्यो सम्भव देखिएको छैन । घरमा बस्दा गर्मी लाग्ने, बाहिर रूख, छहारी खोज्दै जाँदा लु लाग्ने डर हुन्छ । बाहिर तातो हावा चलेको कारण घरबाट निस्किन गाह्रो छ । घरबाट निस्केन भने गुजारा गर्न गाह्रो हुन्छ । दिनमा काम गरेपछि मात्र राती चुल्हो जल्ने समुदायका लागि यो गर्मी अभिषाप भएको छ । ससाना व्यवसायी गर्नेहरूका लागि पनि यो गर्मी बाधक बनेको छ । गर्मीका कारण सडक पेटीमा गुजाराका लागि गर्ने साना साना व्यपार चौपट भएका छन् । त्यसैले सरकारले गर्मीबाट पिडितका लागि राहतको व्यवस्था गर्नुपर्छ । बत्ती नियमित गरी, पंखा नहुनेको घरमा पंखा लगाई दिनुपर्छ । खानेपानीको व्यवस्था गर्नुको साथै सुकेका पोखरी तथा इनारमा पानीको व्यवस्था गरिदिनुपर्छ । स्वास्थ्य सेवा निशुल्क गरी अस्पतालमा डाक्टर, नर्सको व्यवस्था गर्नुपर्छ । सबभन्दा महत्वपूर्ण कुरा स्थानीय तहबाट हरेक गल्ली तथा सडकमा रूख लगाउनु पर्छ । एक घर एक रूख अनिवार्य गर्नुपर्छ । जसले रूख रोप्दैनन् त्यसलाई पालिकाबाट दिइने सेवा सुविधामा रोक लगाउनुपर्छ ।

## तथ्यांक आफै बोल्छ

### ७ प्रदेशको बजेट




# पाठक पत्र

saharatimes.com.np@gmail.com


सहारा टाइम्स
संघर्ष, स्वाभिमान र स्वावलम्बन
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np
• वर्ष १४, • पूर्णाङ्क ३०२, • अंक १८ • २०८० साल जेठ १६-३२ गते (30 May, 15 June, 2023) • मूल्य रु. १०
गणतन्त्रको उपहार
टिकापुर घटनालाई अपराधी करार
रेशम चौधरीको रिहाका लागि सरकारसँग पटक पटक वार्ता गर्नुभएका लोसपाका कार्यकारिणी सदस्य लक्ष्मणलाल कर्णले भन्नुभयो, 'हाम्रो माग माफी थिएन, सफाइ थियो अदालतले नै रिहा गर्नुपर्छ भनि हामीले सरकारलाई दवाव दिइरहेका थियौं र धेरै हदसम्म अगाडि बढेको थियो । तर अचानक यो माफीको कुरा आयो र सरकारले माफी दिएर रिहा गर्‍यो ।'
फरारदेखि माफीसम्म

### माफी दिनु अलग कुरा हो

मधेशीया नेताहरुले रेशम चौधरीको रिहालाई मुख्य मुद्दा बनाउनुभएको थियो । सडक, सदन, सरकार सबैतिर खाली रेशम चौधरी-रेशम चौधरी भन्ने गर्नुहुन्थ्यो । रेशम चौधरी अपराधी होइन, उहाँलाई फँसाइएको हो, रेशम चौधरीको मुद्दा राजनीति मुद्दा हो, यसलाई राजनीतिकै रुपमा समाधान गर्नुपर्छ भनि अवाज उठाई रहनुभएको थियो । माफीको कुरा तीन नेताहरुले कहिले उठाउने नै भएको छैन । माफी भन्ने शब्द नै गल्ती गरेपछि त्यसमा माफी दिनु हो । रेशम चौधरी गल्ती गर्नुभएको हो, राज्यले दाया माया गरेर माफी दिएर रिहा गरेको हो जब कि मधेशवादी दलको त्यो माग थिएन । तर मधेशवादी दलसँग कुनै सल्लाह नै नगरिकन राष्ट्रपतिबाट माफी पाएर रिहा हुनुभएको छ । टिकापुर घटना आपराधिक घटना हो भन्ने कुरा पुष्टि भएको छ माफी दिनु अलग कुरा हो ।

***सन्तुराम चौधरी, बर्दिया, राजापुर***

### शरणार्थी प्रकरण क्षणिक रमाइलो

पुष्पकमल दाहाल माआवादी जनयुद्धमा पनि असफल हुनुहुन्थ्यो र अहिलेको सरकारमा पनि ससफल हुनुभएको छ । पुष्पकमल दाहाललाई आफू प्रधानमन्त्री भए पुग्यो । छोरी प्रधानमन्त्रीको सचिवालयमा बस्न पाउनुभयो, पुग्यो । एउटा छोरी मेयर हुन पाउनुभयो, पुग्यो । पार्टीबाट एक दुई जना मन्त्री बन्न पाउनुभयो, पुग्यो । तर खासमा यो परिवर्तनका लागि लडेकाले के पाए, त्यसले जे का लागि लडेका थिए त्यो पाए त अहिलेका मुख्य प्रश्न त्यो हो । एक दुई जना नेतालाई जेल हाल्दैमा परिवर्तन हुँदैन । जबसम्म देशका उत्पीडित समुदाय, पिछडिएका समुदायले आफूले अधिकार पाएको, पहिचान पाएको अनुभूती गर्दैन तबसम्म दुई चार जना जेल जाँदैमा परिवर्तन हुँदैन । आज एक दुई जना ठूला नेताहरुलाई जेलमा हालेर माओवादीहरु वाहवाही लिइरहेको छ त्यो केही दिनका लागि मात्र हो । यसअघि ठूला ठूला नेता समातिएर जेल नपरेको होइन । पहिला पहिला पनि ठूला ठूला घोटला बाहिर आएका थिए र त्यसमा मुछिएकाहरु पनि जेल नपरेका होइन । गोविन्दराज जोशी, खुमबहादुर खड्का, जेपी गुप्ता जस्ता थुप्रै ठूला माछाहरु जेल पर्नुभएको हो तर के त्यसले परिवर्तन भयो त ? जबसम्म नीतिगत सुधार गरिदैन, जनताको चाहनालाई मनैदेखि पुरा गर्ने इच्छा देखाएन तबसम्म परिवर्तनको एहसास गर्न सक्दैन ।

***राजकुमार साह, सिरहा, गोलबजार-९***

### राजनीतिक दल भ्रष्टाचारको कारखाना

भ्रष्टाचारको जरो नै राजनीति हो । राजनीतिक दलका नेताहरुले भ्रष्टाचार गर्न छाड्दियो भने कुनै पनि भ्रष्टाचार हुँदैन । सन्तोष मेहताले लेख्नु भएको 'भ्रष्टीकरण पथमा नेपाली राजनीति' (वर्ष १४, अंक १८) एकदम सटिक जेनुन विषय हो । नेपालीको राजनीति यस्तो भ्रष्टाचारको पथमा हिडेको छ कि तेस्रो पुस्तासम्म यसले आफ्नो प्रभाव देखाई रहन्छ । अहिले त जनताले नेताको नाम सुन्ने बित्तिकै नाक खुम्चाउछन् । कुनै नेता चोखो छैन जस्तो लाग्न थालेको छ । राजनीतिक दलका नेता यस्ता भइ दिए कि भ्रष्टाचार गर्ने उही र भ्रष्टाचारीलाई संरक्षण गर्ने उही । भ्रष्टाचारको मलजल गर्ने निकाय नै राजनीतिक दल हो । लाग्छ राजनीतिक दलमा जनताका लागि होइन, भ्रष्टाचारीका लागि मात्र काम हुन्छ । पार्टी कार्यालयहरु भ्रष्टहरुको आखाडा हो जस्तो लाग्छ । त्यहाँ देशलाई कसरी लुट्ने त्यसको योजना बन्ने ठाउँ हो जस्तो लाग्छ । र, यो कुरा कसरी पुष्टि हुन्छ भने अहिले देखिएका नयाँ, पुराना, साना, ठूला सबै दलहरु केही नकेहीमा मुछिएकै छन् । चाहे रवि लामिछानेको स्वतन्त्र पार्टी होस् या शेरबहादुर देउवाको काँग्रेस होस् । सिके राउतको जनमत होस् या केपी ओलीको एमाले होस् । उपेन्द्र यादवको जसपा होस् या प्रचण्डको माओवादी होस् । महन्थ ठाकुरको लोसपा होस् या राजेन्द्र लिङ्देलको राप्रपा होस् । कुनै पनि दल चोखो छैन । कुनै नकुनै रुपमा जनताको नजरबाट गिरकै छन् ।

***बेचन यादव, सिनमंगल काठमाडौं, bechanitc89@gmail.com***

### बिनुमाथि अन्याय

बिनु यादवको कथा पढे । उहाँको बारेमा पढ्दा एक छिन त भावुक नै बनायो । यदि बिनो यादवको कथा यथार्थ कथा हो भने राज्यले न्याय दिनुपर्छ । बिनु यादव जो मधेश र पहाडको बिउबाट जन्मेको चेली हुन् जसले आफ्नो अधिकारका लागि, आफ्नो पहिचानका लागि लडाई लडि रहनु भएको छ । आफ्नै परिवार जसले विहे गरेर धोका दिइ बुहारी बनायो तिनै परिवारसँग उनी लडाई लड्दैछिन् । उनको लडाई एउटा परिवारसँग मात्र होइन, एउटा राज्यसँग हो जसले न्याय दिनमा आनाकानी गरिरहेको छ । न्यायका लागि लडि रहँदा अनेक पिडा दिएको छ त्यो पिडा सायद राज्यले देखेको छैन । एउटा कुनै व्यक्तिले बिनुको स्मिता लुट्यो । त्यहाँ राज्यले न्याय दिनुपर्ने हो तर राज्यले न्याय नदिइ उल्टै प्रताडित बनाउने काम गरिहेको छ ।

***सुमित्रा ठाकुर, काठमाडौं, बालाजु***

# फेसबुक



**शारदा भुसाल झा**

प्रायः नक्कली पत्रकार । पत्रकारिता पढ्न, तालिम लिन केही गर्न परेन । एउटा अनलाइन कम्पनीमा दर्ता गरायो सूचना विभागबाट स्विकृति लियो सम्पादक, व्यवस्थापक, र पत्रकार नियुक्त गर्यो अनि भयो पत्रकार । पत्रकारको दायित्व भुमिका थाहा छैन तर भ्रष्टाचारलाई मलजल र गुण्डाराजलाइ बढावा दिन्छन् । सिरहाको एउटा पालिकामा प्रमुख प्रशासकीय अधिकृत सरुवा भएर आउँदा पत्रकार फुलमाला लिएर स्वागत गर्न पुगेछन् । फुलमाला लगाइ दिएको १९ दिन पछि उनको विरुद्ध समाचार लेखेपछि वास्तविक कुरा बाहिर आयो बिटो माग्दा दिन नमानेपछि उनको विरुद्ध नानाथरी लेखेका रहेछन् । सिरहाकै कुरा नेपाल पत्रकार महासंघको शाखा कार्यालयमा सूचना माग्दा पत्रकारले एक भ्रष्टाचार विरोधी एवम् सूचना अभियान्ता उपर मुद्दा दिएका छन् ।

प्रायः पत्रकार भ्रष्टाचारको विरुद्धमा कलम चलाउँदैनन मात्रै भागवण्डा र विज्ञापन चाहिएको छ । अझै मासिक रूपमा माग्छन् र त्यो पैसाको हिसाब अन्य कार्यमा मिलाएर हिसाब देखाउनु पर्छ । पत्रकारलाई दिएको पत्रकारले खाएको भनेर बाहिर जगजाहेर गर्नै भएन नत्र अनापसनाप लेख्न शुरूवात गर्छन् धम्की दिन्छन् कर्मचारीको भनाइ छ । प्रायः मिडियामा दलगत पहुँच र हालीमुहाली छ उनकै इशारामा काम हुन्छन् । पत्रकार महासंघको कार्यालय रहेको प्रायः जग्गा, भोगचलनवापत प्राप्त छन् र महासंघले भवन बनाएका छन् । ती भवन कसरी ठडिए जान्न खोजी गर्न आवश्यक ठान्याछु ।

केही पालिकाले एउटै कामका लागि दुई ठाउँबाट पनि जग्गा वितरण गरिएको पाइएको छ । जग्गा र १२ हजार मासिक पत्रकार महासंघको खातामा जाने गरी पालिकाको निर्णय मात्रै छ तर त्यो रकम पत्रकार महासंघको खातामा जम्मा नभई पत्रकार व्यक्तिले बुझ्छन् र आफ्नो व्यवहार चलाउँछन् । खोजी गर्ने विरोध गर्नेलाई कुनै पिछलग्गुको नाम बाट मुद्दा चलाइ दुख दिने, गाली गलौज गर्ने धम्की दिने यस्ता पाराका पत्रकार भनाउँदालाइ मिडियाले समर्थन गर्लान् तर सामाजिक संजाल बपौटी सम्पत्ति होइन । हामी पनि खोजी शुरूवात गरेका छौं । हामीमध्ये एकजना अभियान्ता उपर मुद्दा चलेको छ । तर पनि नक्कली पत्रकारको मुकुण्डो उतार्न अघि पाइला सारेका छौं । पत्रकार भनाउँदाले जे नि गर्न सक्छन् । पत्रकार भनाउँदालाई गरेको आर्थिक सहयोगको बिटोको विवरण माग्नै पर्ने भो । पत्रकारको नालावेली जान्नै पर्ने भो ।

# जयकृष्ण गोइतलाई मुलधारमा ल्याउन प्रचण्डको पहल

२०७७ फागुन २० गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले तत्कालिन नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्द विप्लवसँग ३ बुँदे सम्झौता गर्दै भन्नुभएको थियो, 'अब कोही पनि बिद्रोही समूह छैन, पृथकतावादी आन्दोलन गर्ने पनि कोही बाँकी छैन ।' उहाँले यो कुरा भनेपछि चैत ९ गते सिरहाको लहानमा बम विस्फोट गराएर जयकृष्ण गोइतले आफ्नो उपस्थितिको 'दस्तक' दिनुभएको थियो । ओलीले त्यो अभिव्यक्ति दिँदा नेकपा विभाजन भएको थिएन तर चिरा परिसकेको थियो, माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग बोलचाल बन्द भइसकेको थियो । उहाँलाई नै साइजमा ल्याउनका लागि ओलीले माओवादीका बिद्रोही समूह विप्लवसँग वार्ता गरेर मुलधारमा ल्याउनु भएको थियो ।

अहिले त्यही विप्लव एमालेका अध्यक्ष केपी शर्मा ओलीको साथ छाडेर प्रचण्डको साथमा 'इन्जोए' गरिरहनु भएको छ । पार्टी एकतादेखि समाजवादी मोर्चासम्मको योजना बनाइरहनु भएको छ । त्यस्तै, एमालेका अध्यक्ष ओलीले तत्कालिन नेकपाको अध्यक्ष हुँदा प्रधानमन्त्री भएको बेला उहाँले डा.सिके राउतलाई पनि मुलधारमा ल्याउनु भएको थियो तर अहिले उहाँ पनि ओलीसँग हुनुहुन्न । राउत पनि प्रचण्डको 'फ्यान' हुनुभएको छ ।

अब प्रचण्डले एक मात्र भुमीगत सशस्त्र आन्दोलनमा रहनु भएका जयकृष्ण गोइतलाई मुलधारको राजनीतिमा ल्याउन पहल थाल्नुभएको छ । माओवादी केन्द्रकै एक जना मधेशी नेताले त्यसको अगुवाई गर्नुभएको छ । माओवादी केन्द्रका ती नेता जयकृष्ण गोइतसँग भेटेर त्यो माहोल बनाएको स्रोतले जनाएको छ ।

माओवादी केन्द्रका ती मधेशी नेताले पार्टीका प्रवक्ता समेत रहनु भएका कृष्णबहादुर महरामार्फत प्रधानमन्त्री प्रचण्ड समक्ष यो कुरा राख्नुभएको थियो । नेता महराले प्रधानमन्त्री प्रचण्डसँग कुराकानी गरेर यो प्रकृया अगाडि बढाउनु भएको हो । जयकृष्ण गोइतसँग कुराकानी गरेर उहाँलाई मूलधार ल्याउनेमा प्रधानमन्त्री प्रचण्ड पनि सकारात्मक हुनुहुन्छ । त्यसका लागि माओवादीका नेता कृष्ण बहादुर महाराले जयकृष्ण गोइतसँग भेट्न चाहनु भएको छ । नेता महराले गोइतसँग एक चरण भेटेर कुराकानी अगाडि बढाउन चाहनु भएको छ । त्यसका लागि पहल भइरहेको बुझिएको छ । स्रोतले भन्यो, जयकृष्णसँग सम्पर्क गर्ने कोशिस भइरहेको छ, सम्पर्क भएपछि महरालाई भेट गराएर वार्ताको प्रकृया अगाडि बढाउने भएको छ ।

को हुन् गोइत ?

सप्तरी क्षेत्र नम्बर ३ मा २०४८ र २०५१ मा एमालेका तर्फबाट दुई पटक चुनाव हार्नुभएका जयकृष्ण गोइत माओवादी केन्द्रमा प्रवेश गर्नुभएको थियो । तर, त्यहाँ राष्ट्रिय मधेशी मुक्ति मोर्चामा अध्यक्ष पदका लागि भएको विवादका कारण माओवादी केन्द्र छाडेर भुमीगत राजनीति सुरु गर्नुभयो ।

माओवादीले गोइतको नेतृत्वमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा गठन गरेको थियो । पछि सो मोर्चाबाट गोइतलाई हटाएर मातृका यादवलाई संयोजक बनाएर उहाँलाई जिल्ला कमिटीमा सिमित गरेको थियो । त्यसपछि उहाँ २०६१ साउन १० गतेदेखि भुमीगत हुनुभएको थियो । जनतान्त्रिक तराई मुक्ति मोर्चा बनाएर सशस्त्र आन्दोलनमा लाग्नुभएको थियो । सुरुमा भुमीगत हुँदा त्यतिबेला माओवादीका थुप्रै नेता-कार्यकर्ता गोइतको निशानामा परेका थिए । माओवादीले उहाँमाथि जे व्यवहार गर्‍यो, त्यसले गर्दा उहाँले बाध्य भएर बन्दुक उठाएको उहाँ निकट नेताहरु बताउनु हुन्छ ।

बाँकी पृष्ठ ९ मा

# भारतबाट सिके राउतका लागि आयो यस्तो 'गिफ्ट'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको चारे दिने भ्रमण सकाएर स्वदेश फर्किसक्नु भएको छ । जेठ १७ गते गएर २० गते उहाँ स्वदेश फर्किनु भयो । तर नेपाल फर्केको १० दिन भइसक्दा पनि त्यसका 'साइड इफेक्ट'हरु अझै बाँकी छन् । संसदमा बजेटभन्दा पनि प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणलाई चर्चाको विषय बनाएको छ ।

मुर्रा जातका राँगोदेखि गेरुवा वस्त्रसम्मको चर्चाले ठाउँ पाएका छन् । तर त्यहाँ भएका प्रमुख सम्झौताहरुको बारेमा कुनै चर्चा छैन । १० हजार मेगावाट बिजुली खरिददेखि पाइपलाइन निर्माणसम्म, जलविद्युत परियोजनादेखि रेल्वे लाइन विस्तारसम्मको सम्झौता भएको हो तर संदन र सडकमा त्यसको कुनै चर्चा छैन । यसपटकको भ्रमणमा राजनीतिक मुद्दा भन्दा पनि आर्थिक मुद्दाले प्राथमिकता पायो, यसले आर्थिक समृद्धिको लागि सहयोग पुग्ने विश्वास गर्न सकिने विश्लेषकहरुको भनाई छ ।

तर, अर्थ राजनीतिक विश्लेषक हरि रोक्का भन्नहुन्छ, 'भारतले जति पनि सम्झौता गरेको छ ती आफूलाई फाइदा हुने व्यावसायिक सोचका साथ मात्र गरेको छ । चाहे बिजुली खरिदका कुरा होस् या जलविद्युत निर्माणको कुरा होस् या क्रश बोर्डर डिजिटल पेमेन्टको कुरा किन नहोस् सबैमा भारतले आफ्नो फाइदा देखेर यी सम्झौता गरेको हो ।' तर प्रधानमन्त्री प्रचण्डका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले भन्नुहुन्छ, 'यसपालीको भारत भ्रमणमा 'ब्रेक थ्रु' भएको हो, सम्बन्ध नयाँ उचाईमा पुगेको छ ।'

भारत भ्रमणले नेपालको सम्बन्धमा कति 'ब्रेक थ्रु' भयो त्यो त आउने दिनमा त्यसको प्रभाव र दबावले पुष्टि गर्छ नै तर मधेशका लागि केही भएको छ भने प्रष्ट देखिन थालेको छ । प्रधानमन्त्री प्रचण्ड फर्केपछि डा.सिके राउत नेतृत्वको पार्टी जनमत पार्टीलाई सरकारमा ल्याउन पहल सुरु भएको छ । यो भारत भ्रमणकै प्रभाव हो । भारत भ्रमणको मिति तय भएकै दिन जनमत पार्टीका अध्यक्ष सिके राउत आफ्ना केही गुनासाहरु लिएर प्रचण्डमाथि दबाव बढाउन जेठ १३ गते भारत पुग्नुभएको थियो ।

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण हुन लागेको छ, सो क्रममा मधेशको विषयमा पनि कुराकानी होस् भनि दबावका लागि आफू भारत गएको सिके राउतले भन्दै आएको कुराले पनि पुष्टि हुन्छ कि उहाँले अहिलेको वर्तमान सरकार, गठबन्धनमा स्पेश बनाउन त्यता जानु भएको थियो । त्यसकै प्रभाव हो, प्रधानमन्त्री प्रचण्ड भारतबाट फर्केपछि जनमत पार्टीलाई संघीय सरकारदेखि केन्द्रिय सरकारसम्म सेटिङ गर्न लाग्नु भएको छ । सिके राउतका लागि भारतको गिफ्ट स्वरुप प्रधानमन्त्री प्रचण्डले जनमत पार्टीबाट सरकारमा मन्त्री ल्याउने पहलमा लाग्नुभएको माओवादी केन्द्रका एक नेताले टिप्पणी गर्नुभयो । त्यसका लागि उहाँले जनमत पार्टीका अध्यक्ष सिके राउतसँग छलफल गर्नुको साथै गठबन्धनमा पनि छलफल सुरु

बाँकी पृष्ठ ९ मा

# मधेशमा प्रचण्डमाथि नारायणकाजीको हस्तक्षेप

जेठ ९ गते मधेश सरकारका मुख्यमन्त्री सरोज यादवले मन्त्रीपरिषद् विस्तार गर्दा माओवादी केन्द्रको मधेश प्रदेश संसदीय दललेले असन्तुष्ट हुँदै आफ्नो मन्त्री फिर्ता बोलाउन निर्णय गर्‍यो । तर नारायणकाजी श्रेष्ठका कारण त्यो निर्णय कार्यान्वयन हुन सकेन । मधेश प्रदेशमा माओवादीभित्र चलिरहेको गुटबन्दीको असर त्यहाँ पनि देखिएको छ ।

माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं मधेश प्रदेश संसदीय दलका नेता भरत साहले मधेश सरकारमा रहेका एक जना मन्त्री र अर्को राज्यमन्त्रीलाई फिर्ता बोलाएको निर्णयसहितको पत्र मुख्यमन्त्री सरोज यादवलाई बुझाउन जानु भएको थियो तर त्यो पत्र उहाँले बुझ्न मान्नुभएन ।

पत्र बुझ्न नमानेपनि आफ्नो पार्टीका मन्त्री सरकारबाट फिर्ता भएको मौखिक जानकारी दिएर माओवादीका नेताहरु फर्केका थिए । त्यसपछि माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुख्यमन्त्री सरोज यादवलाई फोन गरेर मन्त्रीहरुको कुनै पनि राजिनामा नबुझ्न दबाव दिनुभएको थियो । 'हामी पार्टीमा सल्लाह गर्दैछौं, पार्टीमा छलफल भएपछि तपाईलाई जानकारी आउँछ, त्यतिबेलासम्म कसैको कुनै पत्र नबुझ्नु होला, गृहमन्त्री श्रेष्ठले मुख्यमन्त्री सरोज यादवलाई भन्नुभयो, 'यो गठबन्धनको सरकार हो, माथि गठबन्धनको जे निर्णय हुन्छ त्यो तल पनि लागु हुन्छ यसमा हतार नगर्नुस् ।'

यो कुराले मुख्यमन्त्री यादवलाई झन बल पुग्यो । भरत साहले जति दबाव दिए पनि मुख्यमन्त्री यादवले पत्र नै बुझ्न मान्नुभएन । यता, मन्त्री सुनिता यादवलाई पनि राजिनामा दिने मन थिएन । पार्टीको संसदीय दलले मन्त्री फिर्ता बोलाउने निर्णय गरेपनि मन्त्रीले राजिनामा दिनुभएको थिएन । त्यसलाई बल पुर्‍याउने काम नारायणकाजी श्रेष्ठले गर्नुभएको थियो ।

जसपाले मन्त्रीपरिषद् विस्तार गर्दा गठबन्धन दलसँग कुनै छलफल नै गरेन । आफ्नै तरिकाले मन्त्री र मन्त्रालय हेरफेर गरेको थियो । त्यो कुरामा प्रधानमन्त्री प्रचण्डलाई पनि चित्त बुझेको थिएन । जसपाले मधेश प्रदेशमा मनपरी गरेको भन्दै त्यसको विरुद्धमा संघर्ष गर्न मधेश प्रदेशका माओवादी सांसदलाई निर्देशन दिनुभएको थियो । 'सरकारबाट मन्त्री फिर्ता बोलाउनुस् तर सरकारबाट समर्थन फिर्ता नलिनुस्' भन्नुहुँदै अध्यक्ष प्रचण्डले जसपा नेतृत्वको मधेश सरकार विरुद्ध संघर्ष गर्न निर्देशन दिनुभएको थियो ।

प्रधानमन्त्री समेत रहनु भएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले नै यस्तो निर्देशन दिएपछि त्यसलाई नमान्ने कुरै हुँदैन । भारत साहले संसदीय दलको बैठक बोलाएर सरकारबाट मन्त्री फिर्ता बोलाउने निर्णय गर्नुभयो । जसमा मन्त्री सुनिता यादव र राज्यमन्त्री रोहबर अन्सारीको पनि हस्ताक्षर रहेको छ । मधेश प्रदेशका एक माओवादी नेताले भन्नुभयो, 'मन नमानी नमानी हस्ताक्षर गर्नुभएका मन्त्री सुनिता यादवले गृहमन्त्री नारायकाजी श्रेष्ठलाई सम्पर्क गर्नुभएको थियो उहाँले मधेश प्रदेशमा जर्वजस्ती भइरहेको छ, गुटबन्दीको शिकार मन्त्रीहरु भइरहेका छन् त्यसलाई रोक्नुहोस् भनि आग्रह गर्नुभएको थियो । त्यसपछि नारायणकाजी श्रेष्ठले मुख्यमन्त्री यादवलाई फोन गरेर संसदीय दलबाट जाने कुनै पनि पत्र नबुझ्न भन्नुभएको थियो ।'

नारायणकाजीले भने पनि माओवादी हेडक्वाटरबाट मुख्यमन्त्री यादवलाई दबाव आइ नै रहेको थियो । त्यसपछि मधेश सरकारका कारण पार्टीमै विवाद नहोस् भनेर प्रधानमन्त्री प्रचण्डले पनि मन्त्री सुनितालाई अहिले तत्काल राजिनामा नदिन भन्नुभएको थियो । पत्र नबुझ्न नारायणकाजी श्रेष्ठले दिएको दबावको बारेमा पनि प्रचण्डलाई थाह थियो । सरकारबाट आफूले फिर्ता हुन निर्देशन

बाँकी पृष्ठ ९ मा

## फरकमत

# राजनीतिमा उमेर हद !



विजयकुमार यादव

बैशाख २८ गतेदेखि ३० गतेसम्म बसेको बैठकपछि नेकपा (एमाले) पार्टीले जेठ २३ गते जारी गरेको अन्तरपार्टी निर्देशन अनुसार सो पार्टीले केन्द्रीय कमिटीको उमेर हद हटाएको छ । केन्द्रीय समितिमा रहेका सदस्यहरुको उमेर हद ७० वर्ष बनाएको थियो । एमालेले २०७० मा भएको नवौं महाधिवेशनबाट केन्द्रिय कमिटी सदस्यका लागि ७० वर्ष उमेर हद लागु गरिएको थियो । जसलाई अहिलेको केन्द्रिय समितिको बैठकबाट हटाएको छ । यो निर्णय बाहिर आएपछि एमालेमा मात्र होइन सबै पार्टीमा हलचल ल्याई दिएको छ । पार्टीका बुढापाकाहरु जुरमुराउन थालेका छन् । यता, राजनीतिमा आफ्नो भविष्य हेर्ने युवा निराश भएका छन् । पार्टीमा रहेका बुढापाकाले ठाउँ नछाडेसम्म ती पार्टीमा लागेका युवाले ठाउँ पाउने छैनन् । पछिल्लो समय राजनीतिप्रति युवाको आकर्षण बढ्दै थिए । राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति जस्ता पार्टी आएपछि युवाहरुको हौसला बढि रहेको थियो तर एमालेको यो निर्णयले हरेक पार्टीमा एउटा प्रश्न उब्जाएको छ । यी बुढापाखाले ठाउँ कहिले छाड्ने ?

देशका तीन ठूला दल काँग्रेस, एमाले र माओवादीमा उमेर हद छैन । अन्य दलहरुमा उमेर हद तोक्ने त झन सम्भावना नै छैन । जनता समाजवादी पार्टी नेपालको अगामि १० गतेदेखि विधान अधिवेशन हुँदैछ । आशा गरौं, जसपाले केन्द्रीय समिति सदस्यका लागि उमेर हद तोक्ने छ । हुन त जसपामा अरु ठूला पार्टी जस्तो बृद्धहरुको बाहुल्य छैनन् । युवाकै बाहुल्य छ । तर पार्टीमा युवा इनर्जी थप्नका लागि जसपाले पनि उमेर हद तोक्नुपर्ने आवश्यकता छ । ७०-७५ वर्ष उमेर पुगेपछि पार्टीबाट ससम्मान विदा गर्नुपर्ने व्यवस्था गर्नुपर्छ । ती विदा पाएकाहरुबाट बेलाबेलामा सल्लाह सुझाव लिइ रहनुपर्छ । त्यसरी उमेर हदमा पारेकाहरुका लागि एउटा समिति बनाई दिनुपर्छ । आवश्यक पर्‍यो भने त्यहाँबाट उनीहरु देश र पार्टीका लागि केही योगदान गर्न सकोस् तर त्यो अनिवार्य हुनु हुँदैन ।

जसपामा मात्र होइन, अन्य पार्टीहरुमा पनि उमेर हद तोक्नुपर्छ । उमेर हद नतोकेको कारण देश केपी शर्मा ओली, शेरबहादुर देउवा, प्रचण्ड, माधवकुमार नेपाल जस्ता नेताहरुको कब्जामा छ । जुन अनुत्पादक हो । अब देशले यी नेताहरुको भारलाई थेग्न सक्दैन । उनीहरु डेट एस्पाइर औषधी जस्तै भएका छन् । जसलाई खाएपछि कस्तो साइड इफेक्ट गर्छ थाह छैन तर केही नकेही इफेक्ट गर्छ भनि निश्चित हुन्छ । यिनीहरुले ठाउँ नछाडेका कारण रवि लामिछाने, सिके राउत जस्ता पात्रको जन्म नेपाली राजनीतिमा भएको हो । रवि र सिकेहरु पनि यो देशका लागि घातक नै हुन् तर नेपालका युवासँग अरु कुनै विकल्प पनि छैन ।

काँग्रेसमा गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, एमालेमा योगेश भट्टराई, विष्णु रिमाल, सूर्य थापा, माओवादीमा शक्ति वस्नेत, अमनलाल मोदी जस्ता थुप्रै नेताहरु छन् जसले केही गर्ने हुटहुटी राखेका छन् तर ती वृद्ध नेताहरु छेकबार भएर बसेका छन् । यी वृद्ध नेताहरुबाट देशले उन्नती गर्न सक्दैन भने कुरा प्रष्ट भइसकेको छ । अब ती वृद्ध नेताहरुमाथि जनताले विश्वास गर्न छाडेका छन् । वैकल्पिक राजनीतिकको आवश्यकता जस्तै वैकल्पिक नेतृत्वको आवश्यकताको पनि कुरा उठ्न थालेका छन् । देशका हरेक परिवर्तनमा युवाकै योगदान रहेको छ । नारा, जुलुस लगाउनुदेखि लिएर देश ठप्प पार्ने, यहाँसम्म कि गोली चलिरहेको बेला छाती थाप्ने काम पनि युवाले नै गरेका हुन्छन् । तर राज्यको संयन्त्रमा त्यही युवाको उपस्थिति हुँदैन । आन्दोलन गरेका ती युवाहरु विदेश पलायन भएका छन् भने बाँकी रहेका केही युवा कुनै न कुनै नेताको झोले भएका छन् ।

केही युवाले राजनीतिमा आफ्नो ठाउँ बनाए पनि देशको नीति निर्माण तहसम्म पुगेका छैनन् । देशका नाममा सहिद भएका लिस्ट हेर्दा सबैको उमेर ४० मूनी रहेका छन् । यी घाइतेहरु हेर्नुस् सबै भर्खर भर्खरका छन् । हाम्रो देशले पनि १५-४० सम्मलाई युवा भनेको छ । यी समूहको जनसँख्या झण्डै ५० प्रतिशत रहेका छन् तर राजनीतिमा उनीहरुको पहुँच १५ प्रतिशत पनि छैन । देशका लागि रगत बगाएका हुन्छन् । आफ्ना महत्वपूर्ण जवानी दिएका हुन्छन् तर त्यसको मूल्यांकन नहुँदा निराश भएर अर्को बाटो लागेका हुन्छन् । राजनीतिप्रति युवाको वितृष्णा कम्ती छैन । नेताहरु प्रति आक्रोश पनि त्यतिकै छन् । त्यो आक्रोश र वितृष्णा अन्त्य गर्नका लागि राजनीति दलमा भूमिकासहित युवाको सहभागिता आवश्यक छ । युवालाई भुमिका दिनुपर्छ । भूमिकाविहिन युवा निकै खतरनाक हुन्छ । त्यसलाई जसले पनि जहाँ कन्भर्ट गर्न सकिन्छ । काँग्रेस, माओवादी, एमालेलगायतका दलहरुले युवालाई ठाउँ नदिएका कारण सिके राउतले खोलेका जनमत पार्टीप्रति आकर्षण बढि रहेको छ । सिके राउत, रवि लामिछानेहरुले युवालाई विभिन्न प्रलोभनमा पारेर आफूतिर आकर्षित गरिरहेका छन् । जुन यो देशका लागि खतरनाक संकेत हो । त्यसलाई रोक्नका लागि दलहरुले पार्टीमा युवाको भूमिकलाई बढाउनुपर्छ । एक जना कति पटक पदाधिकारी बन्न पाउने, एक जना कति दिनसम्म केन्द्रिय सदस्य रहन पाउनेलगायतमा पनि समय सीमा तोक्नुपर्छ । नत्र कोही अध्यक्ष भएका छन् भने वर्षौसम्म त्यो सीट खाली गरेका हुँदैनन्, कोही पदाधिकारी भएका छन् भने आजिवन पदाधिकारी भए जस्तै त्यहाँ बसिरहेका हुन्छन् । अहिले पनि कतिपय पार्टीमा हेर्नुभयो भने पार्टी स्थापना भएदेखि हालसम्म त्यो पार्टीका केन्द्रिय सदस्य भएर बसेका छन् ।

यो कुनै पनि पार्टीका लागि न्यायोचित भएन । जागिरमा उमेर हद तोकेका हुन्छन् । अनि त अरुले चान्स पाएका हुन्छन् । एक कर्मचारी रिटायर्ड भएपछि त्यहाँ अर्को कर्मचारी जान्छ । माथिल्लो तहसम्म पुग्न कर्मचारीमा एउटा आश हुन्छ तर राजनीतिक दलमा कुनै आश हुँदैन । पार्टी नेतृत्वको दाया माया भयो भने तपाईलाई माथि लान सक्छन् नत्र पार्टीको एउटा सधारण कार्यकर्ता वा अरु कुनै पदमा जिन्दगीभर झुलिरहनु पर्छ । फलानो नेताको उमेर पुगि सक्यो वा फलानो अध्यक्ष वा महासचिव वा कुनै पदाधिकारीको अवधि पुग्यो । उहाँ हटेपछि फलानो जान्छन् भन्ने सिस्टम भयो भने एउटा आश लिएर पार्टीमा क्रियाशिल भएर काम गर्न सक्छन् । नत्र अहिले चाकरीवाजको बोलबाला देखिएको छ । जसले जसको जति चाकरी गर्न सक्छन् उ त्यति नै माथिसम्म जान सक्छन् । जो सिधा साधा छन् उ जहीको त्यही रहन्छन् । पार्टीमा पदाअवधि, उमेर हद तोक्यो भने युवाहरुले पनि राजनीतिमा मौका पाउन सक्छन् ।

*(विजय यादव जसपा संघीय परिषद्का सदस्य हुनुहुन्छ)*

लेख

# भारत भ्रमणलाई विवादमा ल्याउनु पूर्वाग्रही सोच हो



■रामेश्वर राय यादव

जेठ १७ गतेदेखि २० गतेसम्म प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारतको भ्रमण गर्नुभयो । त्यो भ्रमणको क्रममा ऐतिहासिक सम्झौताहरु गर्नुभयो । तर नेपालमा ती सम्झौताहरु ओझेलमा पारियो । असान्दर्भिक विषयहरुले मात्र चर्चा पाए । प्रधानमन्त्री प्रचण्डले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग वान टु वान र सामूहिक भेटघाटमा गर्नुभएको संवादपछि आएको प्रतिवद्धताहरुको विषयमा कुनै चर्चा भएन ।

जे कुराको त्यहाँ चर्चा पनि भएन ती विषयलाई यहाँ अनावश्यक रुपमा विवादमा ल्याइएको छ । मुर्रा भैसी, प्रधानमन्त्रीसँग छोरीको भ्रमण, गेरुवा वस्त्र धारण गरि महाकालेश्वरको दर्शन जस्ता विषयमा खुब चर्चा भइरहेको छ । जब कि त्यो भ्रमणको एकदमै मामुली कुरा हुन् । रेल यातायता, बिजुली बिक्रि, रेल कनेक्टिभिटी, जलविद्युत आयोजना, डिजिटल पेमेन्टलगायत महत्पूर्ण सम्झौताहरु भए । त्यसको बारेमा कही कतै चर्चा छैन । नेताहरुले समेत फोकटिया कुराहरुमा बहस चलाइ रहेका छन् ।

यदि बहस नै चलाउनु थियो भने सीमाको विषयमा चलाउँदा हुन्थ्यो, बहस नै चलाउनु थियो भने इपीजी प्रतिवेदनको विषयमा चलाउँदा हुन्थ्यो, बहस नै चलाउनु थियो सन् १८५० को सन्धी के भयो त्यसको बसस चलाउँदा हुन्थ्र्यो । तर मामुली कुराहरुमा सांसददेखि सर्वसाधारणले आफ्नो समय खेर फालिरहेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पहिलो पटक सीमाको विषयमा मुख खोल्नु भएको छ । यसको विषयमा बहस हुनुपर्थ्यो ।

प्रंधानमन्त्री मोदीले बोल्नु भएको कुरा कसरी कार्यान्वयमा आउँछ । त्यसका लागि दबाव बढाउनु पर्थ्यो तर असान्दर्भिक विषय उठाएर प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणलाई विवादमा ल्याइएको दिएको छ । भ्रमण त अरु अरु देशमा पनि हुन्छन् तर त्यसको चर्चा पनि हुँदैन तर भारत भ्रमण हुने बित्तिकै केही नकेही विवाद आइहाल्छ । मानौ विवाद भएन भने भ्रमण नै सफल हुँदैन जस्तो । यो विवाद प्रधानमन्त्री प्रचण्डको भ्रमणमा मात्र भएको होइन । नेपालका जुनसुकै प्रधानमन्त्री भारत भ्रमणमा जाँदा कुनै नकुनै विषयमा विवाद हुन्छ नै । विवाद यस्तो कि संसदमा बहसको विषय नै बनेका हुन्छ ।

तर यो पूर्वाग्रही सोच हो । देशका प्रधानमन्त्रीले कुनै पनि देशसँग राम्रो सम्बन्ध राख्नुपर्छ र हाम्रो परराष्ट्र नीतिले पनि त्यस्तै भन्छ । असंलग्न परराष्ट्र नीति भएपनि हाम्रा छिमेकीहरु उत्तर र दक्षिणसँग सम्बन्ध राम्रो बनाउनुपर्छ । त्यसमा पनि भारतसँग हाम्रो विशेष सम्बन्ध हो यसलाई हामीले स्विकार गनै पर्छ । चीनसँग हाम्रो भौगोलिक सम्बन्ध छ, आर्थिक सम्बन्ध छ, राजनीतिक सम्बन्ध छ तर भारतसँग आर्थिक, राजनीतिक र भौगोलिक सम्बन्ध छन् नै त्यसमा पनि साँस्कृतिक, सामाजिक, जनता-जनता बीचको सम्बन्ध तथा बेटीरोटीको सम्बन्ध रहेका छन् । जसलाई विश्वका कुनै तागतले तोड्न सक्दैन ।

हाम्रो भुगोल नै यस्तो छ कि नेपालमा केही भयो भने त्यसको असर भारतमा पर्छ । भारतमा केही भयो भने त्यसको असर नेपालमा पर्छ । भुराजनीतिक सम्बन्ध पनि धेरै नै घनिष्ठ रहेको छ । त्यसैले भारतसँग हाम्रो सम्बन्धको बारेमा अरु देशसँग तुलना गर्न मिल्दैन । भारत भ्रमणको क्रममा जतिसुकै सकारात्मक सम्झौता भएपनि कुनै नकुनै बाहानामा त्यसलाई विरोध गर्ने परम्परा नै बनिसकेको छ । नेताहरुको यो पूर्वाग्रही सोच हो ।

**असल छिमेकी**

असल छिमेकी पहिचान नै हल्का फल्क नोकझोक हुनु हो । जो जति नजिक हुन्छ, उसैसँग अपेक्षा हुन्छ । अपेक्षा पुरा नहुँदा चित्त दुखाई हुन्छ तर छिमेकी परिवर्तन गर्न सकिदैन । त्यस्तै हो नेपाल भारत बीचको सम्बन्ध । दुई छिमेकीको बीचमा यस्ता कुराहरु हुन्छन् नै । हामी बस्ने घर छिमेकीसँग खुब मिलेका हुन्छौं तर साना साना कुराले विवाद भइरहेका हुन्छन्, तिम्रो बाखा मेरो घरमा किन आयो, भैंसी किन खेतमा गयो, मेरा बारीमा पानी किन आयो जस्ता साना साना कुरामा विवाद भइरहेका हुन्छन् । तर फेरि त्यही छिमेकीसँग आत्मीय पनि त्यतिकै हुन्छ । जे भएपनि छिमेकी परिवर्तन गर्न सकिदैन ।

भारत हाम्रो सबभन्दा नजिकको छिमेकी हो । अलिकति ठाकठुक परि नै हाल्छ त्यसलाई अन्यथा लिनु हुँदैन । तर समग्रमा देशलाई त्यसले के घाट, के नफा-नोक्सान भइरहेका छन् त्यो हेर्नुपर्छ । यदि कुनै विवाद छ भने त्यसलाई आपसी समझदारीमा समाधान गर्नुपर्छ । पहिलो पटक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सीमाको बारेमा बोल्नु भएको छ । आपसी समझदारीमा सीमालगायतका समस्या समाधान गर्ने भन्नुभएको छ । सीमा विवाद छ भन्ने स्विकार गर्नु नै ठूलो कुरा हो । यसलाई अब कसरी अगाडि बढाउने त्यसमा लाग्नुपर्छ ।

**गेरुवा वस्त्र धारण**

यो देशमा धर्मनिरपेक्ष ल्याउनका लागि सबभन्दा मेहनत माओवादी केन्द्रले गरेको छ । धर्मनिरपेक्षताको बारेमा कुनै पनि दलले कुरा उठाएका थिएनन् । यसको जस माओवादीलाई नै जान्छ । जसले धर्मनिरपेक्ष देश बनाउनका लागि यत्रो लडाई लडे । आज त्यसैको विरोधमा जान सक्दैन । भारत उज्जैनको महाकालेश्वर मन्दिरमा पुजा गर्नु भनेको धर्मनिरपेक्षको विरोधी होइन । प्रधानमन्त्री प्रचण्डले नेपालका हिन्दुलाई सम्मान दिनु भएको हो ।  विगतमा यो देश हिन्दु राष्ट्र नेपाल थियो । हिन्दु राष्ट्रलाई धर्मनिरपेक्ष राष्ट्र बनाउने कामको नेतृत्व प्रधानमन्त्री प्रचण्डले नै गर्नुभएको थियो ।

धर्मनिरपेक्ष भनेको हिन्दु विरोधी, क्रिश्चयन विरोधी, बुद्धिस्ट विरोधी त पक्कै होइन । यसले सबै धर्मलाई सामान व्यवहार गर्छ । प्रचण्ड माओवादी वा कम्युनिष्ट पार्टीको प्रधानमन्त्री होइन, एउटा देशको प्रधामन्त्री हुनुहुन्छ । उहाँले सबै धर्मलाई समान रुपमा हेर्नुपर्छ । भारतमा गर्नुभएको पूजापाठ प्रधानमन्त्रीको हैसियतमा हो, कम्युनिष्ट पार्टीको अध्यक्षको हैसियतमा होइन । त्यहाँ गएर त्यसरी पूजा गर्नु भनेको हाम्रो लागि पनि गौरबको विषय हो ।

किनभने, नेपालमा रहेका लाखौं हिन्दुहरुको सम्मान हो त्यो । यसमा विवाद गर्ने नानाथरी कुरा गर्ने कुनै कारण नै छैन । उहाँ भारतको मन्दिरमा मात्र होइन, नेपालको पशुपतिमा गएर पनि पुजा गर्नुभएको हो । हिन्दुको सम्मानका लागि त्यो पूजापाठ ठिक थियो । कुनै त्यस्तै अवसर आयो भने अरु धर्मको लागि पनि प्रधानमन्त्री प्रचण्डले पूजा गर्नुहुन्छ ।

अमेरिकाको जुन प्रतिवेदन आएको छ, त्यो पूर्णता पूर्वाग्रही प्रतिवेदन हो । नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउनका लागि कहिले आन्दोलन भएन । तर संविधान निर्माण हुँदा खेरी धर्मनिरपेक्षता लागु भयो । धेरै मानिसलाई थाह पनि थिएन, संविधानमा आइसकेपछि मात्र धेरैले थाह पाए । संविधानमा आइसकेपछि कसैले विरोध गरेन सबैलाई माने । धर्मनिरपेक्षता सबैले स्विकार गरेका छन् तर अमेरिकाले नेपालमा हिन्दु राष्ट्रका लागि भारतीय जनता पार्टीले दलहरुमाथि लगानी गरिरहेको आरोप लगाएको छ । नेपाली जनता धर्मनिरपेक्षलाई स्विकार गरिसकेको छ । देशमा कानुन बनिसकेको छ त्यस अवस्थामा अमेरिकाले त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नुको कुनै तुक छैन ।

अमेरिकाको त्यो प्रतिवेदन प्रायोजित हो । नेपाललाई हिन्दु राष्ट्र बनाउनुपर्छ भने प्रयास न नेपालले गरेको छ न भारतले । बिचौलियाहरुले हल्ला मात्र गरेको देखिन्छ । यद्यपी हाम्रा पूर्वजहरु सबै हिन्दु हुन् यसमा कुनै दुईमत छैन । धर्मनिरपेक्षतामा हिन्दुहरुको पनि सम्मान हुनुपर्छ र अन्य धर्मको पनि सम्मान हुनुपर्छ । नेपालमा हिन्दुको सँख्या धेरै छन् । जनमत सङ्ग्रहद्वारा वा अरु कुनै मुभमेन्टद्वारा हिन्दु राष्ट्र भयो भने त्यसमा आश्चर्य मान्नु हुँदैन तर अहिले तत्कालै त्यो अवस्था देखिएको छैन ।

**मुर्रा जातका राँगो**

प्रधानमन्त्री प्रचण्ड भारत भ्रमण गरेर नेपालको ग्रामिण अर्थतन्त्रलाई जोड्ने काम गर्नुभएको छ । साना किसान जो दुई चार वटा भैंसी पालेर आफ्नो गुजारा गरेका हुन्छन् । नेपालमा रहेका भैंसीहरुको नश्ल सुधार गरी अर्थतन्त्रको एउटा महत्वपूर्ण स्रोत दूध उत्पादनमा जोड दिनुभएको छ । दूध क्षेत्र नै एउटा यस्तो क्षेत्र हो जो ग्रामिण अर्थतन्त्रसँग जोडिएको छ । शहरको पैसा गाउँमा जाने यो मात्र एउटा व्यवासायी हो ।

यो व्यवसायीलाई अझ राम्रो बनाउन मुर्रा जातको राँगोले महत्वपूर्ण भूमिका खेल्ने छ तर नेपालका सांसदहरुले यसलाई मजाकको विषय बनाउनु भएको छ । प्रधानमन्त्रीलाई भैंसीमा चढाएर समाजिक सञ्जालमा पोस्ट गरिएको छ । देशका लागि यो जतिको लज्जास्पद कुरा के हुनसक्छ । नेपालमा आउने मुर्रा जातका भैसी, अन्य हाइब्रिडका बाखाहरु, गाईहरु ल्याउनु भनेको नेपालको कृषिलाई समृद्ध बनाउनु हो । देशलाई कृषिमा आत्मनिर्भर बनाउने प्रयासहरु हुन् । सात वर्ष पहिले भएको सम्झौता अनुसार अहिलेको यो मुर्रा जातको राँगो आएको हो । प्रधानमन्त्री प्रचण्डले सम्झौता गर्नुभएको होइन । तर अहिले प्रधानमन्त्री प्रचण्ड भ्रमणमा गएको बेला भारतले दिने घोषणा गरेको छ । यसलाई पनि ठूलो उपलब्धी मान्नुपर्छ ।

*(माओवादी केन्द्रका नेता रामेश्वर राय यादवसँग गरिएको कुराकानीमा आधारित)*

प्रेरणा

# आफू पिडामा रहेर अरुलाई खुशी दिने विवेकानन्द



■श्रीमन्न नारायण

महान प्रेरक एवं आध्यात्मिक महापुरुष स्वामी विवेकानन्दको ३९ वर्षकै अल्पायुमा निधन भएको थियो । तर महापुरुषहरुको जीवनकाल तिनको महान कर्म र योगदानका कारण हजारौं वर्षसम्म स्मरणीय एवं प्रार्थनीय हुन जान्छ । पीडा, कष्ट एवं अभावग्रस्त जीवनयात्रामा पनि उनले सनातन धर्म एवं भारतवर्षको निम्ति ठूलो योगदान दिएर गएका छन् ।

मनुष्यको निम्ति असम्भव केही पनि होइन । तर हामीले आफूलाई अथवा अन्य कसैलाई पनि कहिल्यै कमजोर ठान्नु हुँदैन । आज पूरै विश्वमा सबैभन्दा बढी प्रेरणा अथवा मोटिभेसनको कुरा गरिन्छ । जीवनको अर्थ खोजिन्छ । प्रविधि विस्तारको यस युगमा व्यक्ति आफूलाई एक्लो महसुस गरिरहेका हुन्छन् । शायद त्यही भएर होला व्यक्ति निराश एवं विचलित पनि हुँदै गएका छन् ।

वर्तमानको आधुनिक एवं व्यस्त युगमा पनि स्वामी विवेकानन्दको विचारलाई हामीले आत्मसात गर्ने हो भने हाम्रो जीवनयात्रा अझ बढी सहज, सरल एवं सुविधाजनक हुन जानेछ । नयाँ पुस्तामा नैराश्यता बढेको छ । तीव्र प्रतिस्पर्धामा आफ्नो स्थानलाई खोज्नु अथवा सुरक्षित राख्नु व्यक्तिको एकमात्र लक्ष्य हुन गएको छ । अपेक्षित सफलता हासिल नभएपछि व्यक्ति बिचलित भई आत्महत्या गर्ने अवस्थामा समेत पुग्दछ ।

व्यक्तिको यस दुःख र पीडाबाट लाभ उठाउन पनि वर्तमानको आर्थिक युगले नयाँ-नयाँ जुक्ति निकालेको छ । निराश व्यक्तिलाई उत्साही बनाउन हजारौं प्रेरक व्यक्तिहरु चर्चामा आउने गरेका छन् । मोटिभेटरहरुको कारोबार पनि पल्लवित र पुष्पित हुन थालेको छ । मोटिभेसनको निम्ति खोलिएका उद्योगहरुको आर्थिक कारोबार पनि खबौं डलरसम्मको हुन गएको छ । केही राम्रा मोटिभेटरहरु पनि छन् तर सनातन हिन्दू धर्ममाथि विश्वास गर्नेहरुले आफ्ना महापुरुषहरुको जीवनगाथालाई अध्ययन र स्मरण गर्ने हो भने हामीले अन्त जानै पर्दैन । प्रेरणा हासिल गर्नको निम्ति तथा नयाँ सङ्कल्प लिनका निम्ति कुनै ठूलो 'प्रेरणा बजार' अथवा 'मोटिभेसन इन्डस्ट्रिज' मा जानुपर्ने छैन ।

स्वामी विवेकानन्द ३९ वर्षसम्म मात्रै बाँचे तर हजारौं वर्षको निम्ति काम गरेर गएका छन् । उनको जीवनयात्रालाई नजिकबाट नियालेर हेर्ने हो भने अनेकौं अप्ठ्यारा, सङ्कट, अभाव एवं कष्टमा उनलाई बाँच्नुपरेको थियो तर पनि उनले धैर्य एवं साहसलाई गुमाएनन्, बिचलित भएनन् । उनी बाँचुन्जेलसम्म यस्ता अनेकौं चुनौती एवं कष्टहरुको सामना गर्दै सनातन धर्म एवं भारत वर्षलाई धेरैथोक दिएर गएका छन् ।

विश्व र समाजलाई उनले धेरै थोक दिएर गएका छन् । अमेरिकाको बोस्टनस्थित ट्वान्टीएथ सेन्चुरी क्लबमा उनले दिएका भाषण, जुन वेदान्त दर्शनमा आधारित थियो पूरै विश्व जगतलाई हाम्रो सनातन धर्म एवं जीवनपद्धतिबाट अवगत गराएको थियो । हामीले सामाजिक एवं निजी जीवनमा भोगिराखेका चुनौतीहरु स्वामी विवेकानन्दले भोगेका चुनौतीको तुलनामा केही पनि छैन । उनको शरीरलाई 'व्याधि मन्दिरम' पनि भनिन्छ । उनले बाँचुन्जेलसम्म रोगहरुसँग मुकाबिला गर्दै रहनुपर्‍यो । दुईवटा रोग उनले पुर्खाबाट विरासत (उत्तराधिकार)मा पाएका थिए, पहिलो मधुमेह र दोस्रो मुटुरोग । अचानक बुबाको निधनपश्चात् सधैं नै जोडले उनको टाउको दुख्ने गर्दथ्यो । त्यसबाट मुक्ति पाउन उनी कपूर सुँघ्ने गर्दथे । भनिन्छ, पूरै जीवनमा उनलाई ३१ वटा रोग लागेको थियो । मुटुरोग, मधुमेह, दम, पत्थरी, मिर्गौला समस्या, अनिद्रा, न्युरोस्थेनिया, कलेजोसम्बन्धी रोग, डायरिया, टाइफाइड, टन्सिल, जोडले टाउको दुख्नु, मलेरिया, विभिन्न किसिमको ज्वरो, पेटमा पानी जम्नु, पाचन क्रिया कमजोर, डिस्पोसिया, लाम्बेगो अथवा ढाडको दुखाइ, घाँटीको दर्द, ब्राइटिस डिजिज, ड्रौप्सी, आँखा रातो हुनु, एल्बुमिनियुरिया, एउटा आँखाको ज्योति समाप्त हुनु, कम उमेरमा कपाल र दाह्री फुल्नु, रातिको खाना पश्चात् तीव्र गर्मीको अनुभूति हुनु, गर्मी सहन गर्न नसक्नु, चाँडै थाक्नु, सी सिकनेस र सन स्ट्रोक जस्ता रोगहरु भएको थियो ।

समय-समयमा उनले आफ्ना आफन्तहरुलाई लेखेका पत्रहरुमा यी कुराहरुको उल्लेख पाइन्छ । तर हामी कल्पना गरौं कि यति रोग र व्याधिले घेरिएका बावजूद एउटा सन्याशीले यति कम समयमा कसरी यति ठूलाठूला काम गर्न सकेका होलान् ? बिल्कुलै अविश्वसनीय तर उनले युगौयुगसम्म असर पार्न सक्ने खालका कामहरु गरेर देखाइदिए । सन् १८९७ मा डा. शशि घोषलाई उनले अल्मोडाबाट लेखेको पत्रमा निद्रा नआउने रोगको सन्दर्भमा चर्चा गर्दै बालिग भएपछि आफूलाई जीवनमा कहिल्यै ओछ्यानमा जाने बित्तिकै निद्रा नआएको उल्लेख गरेका थिए । उनले कम्तीमा पनि दुई घण्टासम्म यताउता घुमिरहनु पर्दथ्यो । एकपटक मद्रासदेखि दार्जिलिङसम्मको यात्रा र प्रवासका दौरान तकियामा टाउको राख्ने बित्तिकै निद्रा आएको थियो । अनिद्राका कारण उनी राति यताउता घुम्ने रोग र रातिको खानापछि गर्मी लाग्ने समस्याबाट सधैं पीडित रहे । अचलानन्दलाई उनले बताएका थिए कि बालिग भएपछि उनले कहिल्यै चार घण्टाभन्दा बढी सुत्न सकेनन् ।

उपचारका लागि उनी चिकित्सक कहाँ पनि गए । उनी बाँचुन्जेलसम्म मेडिकल साइन्सको त्यति बढी विकास विस्तार भएको थिएन । उपचारको निम्ति उनले एलोपैथी, होम्योपैथी, आयुर्वेद र देश-विदेशका झोलाछाप डाक्टर अथवा मामूली डाक्टर कहाँ जानुपर्‍यो । सधैं आर्थिक सङ्कट भइरहन्थ्यो । डाक्टरलाई फिस दिन उनीसँग पैसा हुँदैन्थ्यो । एकपटक सन् १८९८ मा उनले डाक्टर के.एल. उनको नजिक गएका थिए । उपचारपछि डाक्टरलाई बुझाउनुपर्ने ४० रुपियाँ फिस र १० रुपैयाँको औषधि खरिद गर्नुपरेको थियो । त्यतिबेलाको पचास रुपैयाँको मूल्य कति थियो होला यसको सहजै आँकलन गर्न सकिन्छ । तर उनीसँग त्यति पैसा थिएन । उनका गुरुदाईहरुले बडो कठिनाईले त्यस पैसाको व्यवस्था गरेका थिए ।

घरायसीको समस्याका कारण पनि उनी आजिवन व्यथित र दुःखी नै थिए । आफ्नो रोगभन्दा पनि आफ्नी आमा भुवनेश्वरी देवीको कारण बढी व्यग्र र हैरान थिए । जबसम्म उनका बुबा विश्वनाथ दत्त जीवित थिए, उनको परिवारको मासिक खर्च मात्रै एक हजार थियो । सन् १८८४ मा उनको निधनपश्चात् उनकी आमाले पारिवारिक खर्च घटाएर सीमित पारिन् । अचानक आएको समस्या र गरिबीका बावजुद पनि उनकी आमाले धैर्य गुमाइनन्, अर्कातिर स्वामीजीलाई भने आफ्नो आमालाई अपेक्षित सुख, सुविधा दिन नसकेकोमा दुःखले सताउने गर्दथ्यो ।

आमा गरिबीमा जीवन बिताउँथिन् यो कुरा उनलाई मन परेको थिएन । एकपटक उनले भनेका पनि थिए कि जसले आफ्ना आमालाई सही ढङ्गले पूजा गर्न सक्दैन ती व्यक्ति कहिल्यै ठूलो मान्छे बन्न सक्दैन । जोकोही पनि उनको दुःख र समस्यालाई कल्पना मात्र गर्दा विचलित हुन सक्दछ । यसको बावजुद उनले यस्ता काम गरे जो भारतवर्षमा हजारौं वर्षसम्म स्मरणीय रहिरहनेछ । सनातन हिन्दू धर्मको प्रचारप्रसारका निम्ति उनको योगदान अतुलनीय रहिरहनेछ । यस महामानव भन्दा ठूला प्रेरक व्यक्ति कोही पनि भएन । पारिवारिक जीवनमा ठूलो समस्या, निजी जीवनमा रोग व्याधिबाट हैरान तर पनि अरुका निम्ति, समाजका निम्ति, राष्ट्रका निम्ति र आफ्नो सभ्यता एवं संस्कृतिका निम्ति उनले आफ्नो सबैथोक समर्पित गरे ।

बाँकी पृष्ठ ९ मा

सहारा टाइम्स



अन्तरवार्ता

# हामीले मधेश सरकारलाई काम गर्ने मौका दिएका हौं



■ राजकुमार लेखी
एमालेका नेता एवं प्रदेश सभा सदस्य

**मधेश सरकारबाट निस्कि सकेको र प्रतिपक्षि दलको रुपमा रहेको एमालेले जसपा नेतृत्व सरकारको मुख्यमन्त्रीलाई विश्वासको मत दिएको छ। कोसी प्रदेश सरकारमा सहयोग गर्ने भनि लेनदेनको आधारमा त्यो सहमति भएको हो। र त्यही कारणले मधेश प्रदेशका मुख्यमन्त्रीलाई विश्वासको मत दिएको हो। प्रस्तुत छ, विगतको चुनावमा तालमेल गरेका जसपा र एमालेको अगामी यात्रा कस्तो रहनेछ, सरकारप्रति एमालेको दृष्टि कस्तो हुनेछ लगायतका विषयमा सहारा टाइम्सले एमालेका नेता एवं मधेश प्रदेशका प्रदेश सभा सदस्य राजकुमार लेखीसँग गरिएको कुराकानीको सम्पादीत अंशः**

**मधेश सरकारबाट बाहिरी सकेपछि तपाईहरुले पुनः मुख्यमन्त्री सरोज यादवलाई विश्वासको मत दिनुभएको छ, यो अवस्था कसरी सृजना भयो ?**

विश्वासको मत दिनका लागि हामीले कुनै सर्त राखेका थिएनौं। सरकारको स्थायित्व होस् । सरकारले राम्रोसँग काम गर्न सकोस्, विकास निर्माण लगायत अन्य क्षेत्रको काम पनि राम्रोसँग गरोस् कुनै अवरोध नहोस् भनि उद्देश्यले हामी विश्वासको मत दिएका हौं। तर यसको मतलब यो होइन कि सरकारले गरेका नराम्रा कामलाई हामीले समर्थन गर्छौं। हामीले सरकारलाई काम गर्ने अवसर दिएका हौं। सरकारमा नरहेर पनि विश्वासको मत दिएका छौं, प्रमुख प्रतिपक्षी दलको भुमिकामा रहेर पनि सरकारलाई हामीले विश्वासको मत दिएका छौं भन्नुको अर्थ काम गर्ने मौका दिएका हौं। केही गरेर देखाउने अवसर दिएका छौं। तर हरेक कुरामा हामी आँखा चिम्लेर समर्थन गर्न सक्दैनौं। सरकारले नीति तथा कार्यक्रम र अगामी आर्थिक वर्षको वजेट ल्याएको छ। त्यसलाई पनि आँखा चिम्लेर समर्थन गरि दिने काम हामीबाट हुँदैन। त्यसको अवस्था हेरेर हामी समर्थन गर्ने नगर्ने अवस्थामा पुग्छौं।

**मधेश सरकारले ल्याएको बजेटलाई तपाईले कसरी लिनुभएको छ ?**

बजेट सुन्दा कर्णप्रिय लाग्यो तर त्यसको गुदी कुरा थाह पाएका छैनौं। गुदी कुरा थाह पाउनका लागि रेडबुक नै आउनुपर्छ। रेडबुक अध्ययन गरेर मात्र बजेटको बारेमा केही टिप्पणी गर्न सकिन्छ। अहिलेलाई यति भन्न सकिन्छ कि सरकारले ल्याएको नीति तथा कार्यक्रम तथा आर्थिक बजेटको बीचमा तालमेल मिलेको छैन। नीति तथा कार्यक्रममा उल्लेख भएका योजनाहरु सफल बनाउनका लागि त्यही अनुसारको बजेट चाहिन्छ तर सशर्ती हेर्दा मलाई सरकारले प्रस्तुत गरेको बजेट त्यस्तो लागेन। नीति तथा कार्यक्रम र बजेटको बीचमा तालमेल नै मिलेको छैन। अर्थ मन्त्रीले वजेटका १८-१९ वटा उद्देश्यहरु तय गर्नुभएको छ। मलाई लाग्दैन कि एउटा आर्थिक वर्षमा ती सबै उद्देश्यहरु पुरा गर्न सक्छ। ५-६ वटा उद्देश्य पुरा गर्नका लागि सरकारलाई धौ धौ परेको हुन्छ तर मधेश सरकारका अर्थ मन्त्रीले १८-१९ वटा उद्देश्य लिनुभएको छ। त्यो कहिले कसरी पुरा गर्नुहुन्छ मलाई थाह छैन। मलाई लाग्छ गाह्रो छ। अरु कुराहरु रेडबुक हेरेर मात्र भन्न सकिन्छ।

**तपाईहरुले विश्वास गर्नुभएको सरकारले बजेट ल्याएको छ, सरकारलाई विश्वास गर्ने र त्यसलाई सफल बनाउने दायित्व तपाईहरुको पनि हो नि त ?**

मैले अघि पनि भनेको थिए कि मुख्यमन्त्रीलाई विश्वासको मत दिनुको अर्थ उहाँले गर्ने हरेक कामका जिम्मा लिनुपर्छ भने होइन। हरेक कुराको समर्थन गर्नुपर्छ भने होइन। राम्रो काम गर्नुहुन्छ भने समर्थन गर्ने र नराम्रो कामको विरोध गर्ने हाम्रो नीति हो। यदि मुख्यमन्त्रीको कामले हामीलाई चित्त बुझेन भने हामी जुनसुकै बेला दिएको विश्वासको मत फिर्ता लिनसक्छौं। तर हामी भन्छौं त्यस्तो अवस्था नआओस्। हाम्रो विश्वास लिनुभएको छ भने हाम्रो त्यो विश्वास सदाका लागि कामय रहोस्।

**मुख्यमन्त्रीलाई विश्वासको मत दिइसकेपछि अब सरकारमा जाने कुराकानी पनि चल्दैन होला नि कि कसो ?**

होइन, सरकार सम्बन्धी कुनै कुरा छैन। हामी सरकारमा जाने प्रयासमा पनि छैनौं, कुनै कुराकानी पनि भएको छैन र अहिले सरकारमा जाँदैनौं पनि। हामी केही समय हेर्छौं। त्यसैका लागि विश्वासको मत पनि दिएका छौं। सरकारमा अरुलाई पनि मौका दिनुपर्छ। साना साना दल मिलाएर सरकार निर्माण भएको छ। ती दलहरुलाई पनि काम गर्ने मौका दिनुपर्छ। आवश्यकता अनुसार हामी सरकारभन्दा बाहिर रहेर पनि सहयोग गर्नसक्छौं। मधेश प्रदेशमा ६१ लाख जनसँख्या रहेका छन्। त्यसमध्ये तीन लाख जनताले हामीलाई मत दिएका छन्। ती तीन लाख जनताका लागि हामीले केही नकेही गनुपर्छ। तीन लाख मात्र होइन ६१ लाखका लागि नै काम गर्नुपर्छ। तर तीन लाख हाम्रो लागि विशेष जसले हामीलाई पत्याएका छन् । एमालेले अगामी चुनावलाई लक्षित गरी काम गरिरहेको छ। अझै राम्रो काम गरेपछि जनताको मत जित्न सकिन्छ र यो भन्दा राम्रो परिणाम ल्याउन सकिन्छ कि हाम्रो चाहना हो। विगतमा पनि एमाले प्रतिपक्षकै भूमिकामा रहेर चुनावमा गठबन्धन दलसँग भिडेर यो नतिजा ल्याउन सफल भएको हो । फेरि हामी प्रमुख प्रतिपक्षीकै भुमिकामा छौं २०८४ को चुनावमा यो भन्दा राम्रो नतिजा ल्याउँछौं, हेर्दै जानु होला।

**भनिन्छ, एमालेले मधेश प्रदेशमा जसपालाई सहयोग गरेको छ, अब कोशी प्रदेशमा जसपाले एमालेलाई सहयोग गर्नेछ के यो सही कुरा हो ?**

यस विषयमा मलाई केही पनि थाह छैन। हामीले विश्वासको मत दिँदा केही शर्त राखेनौं। कोशी प्रदेशको कुरा त्यहाँका साथीहरुलाई थाह होला। यदि केही सहमति भएको छ भने त्यो कुरा जसपालाई पनि थाह होला। तर मधेश प्रदेशमा बिना सर्त हामीले विश्वासको मत दिएका छौं। यसमा यति कुरा भन्न सक्छौं कि बल जसपाको कोटमा छ। यस विषयमा जसपाले पनि बुझ्नु पर्ने कुरा हो के गर्दा राम्रो हुन्छ।

**छ महिना तपाईहरुले पनि सरकार चलाउनु भयो, तपाईहरुले चलाएको सरकार र अहिलेको सरकारमा केही अन्तर पाउनु भएको छ ?**

सरकार हाम्रो नेतृत्वमा थिएन। हामी पनि त्यो सरकारको पर्टनर थियौं। त्यो बेला पनि अहिलेका मुख्यमन्त्री नै हुनुहुन्थ्यो तर त्यो बेलाको सरकार र अहिलेको सरकारमा धेरै अन्तर देख्छुम। हामीले त्यतिबेला सन्तुलित रुपमा सरकार चलाएका थियौं। तर अहिलेका सरकारले सन्तुलन मिलाउन सकेको छैन। संघीयता र गणतन्त्रमाथि असर पर्ने खालका गतिविधिहरु गरिरहेका छन्। लोकतान्त्रिक गणतन्त्रलाई व्यवस्थित गर्न सक्छ कि सक्दैन चिन्ता भइरहको छ। आदिवासी जनजाति, मधेशी, पिछडिएका समुदायलाई राजनीतिको मुलधारमा ल्याउन सक्छ कि सक्दैन, नीति निर्माणको तहमा लैजान सक्छ कि सक्दैन चिन्ताको विषय बनेको छ। मधेश प्रदेशमा विभिन्न आयोग समिति बनेका छन् त्यसलाई समावेशी गर्न सकेको छैन। आदिवासी जनजाति, मधेसी पिछडिएका समुदायको अधिकार सुनिश्चित भइरहेको छैन जस्तो फिल हामीलाई भइरहेको छ। अगामी दिनमा गर्छ कि गर्दैन हेर्दै जानुपर्छ। नीति तथा कार्यक्रम ल्याएपछि त्यसमा चित्त नबुझ्दा मैल संशोधन प्रस्ताव हालेको थिए। मुख्यमन्त्री सरोज यादवले प्रस्तावको बारेमा चाँडै सम्बोधन हुन्छ भनि प्रतिवद्ध जनाउनु भएको थियो। त्यो प्रतिवद्धता पुरा गर्नुभएको छ कि छैन त्यो रेडबुक हेरेर मात्र थाह हुन्छ।

**मधेश प्रदेशमा सबभन्दा ठूलो पार्टी एमाले हो, तै पनि सरकार बाहिर बस्नु परेको छ, यसलाई कुन रुपमा लिनुभएको छ ?**

यी सब गन्दा गठबन्धन प्रवृतिले भएको हो। तर गठबन्धनको यो गन्दा राजनीति धेरै दिनसम्म टिक्दैन। जनताले सब मूल्यांकन गरिरहेको छ। अगामी चुनावमा यी सबै गठबन्धन फेल हुन्छ। गठबन्धनको राजनीतिले देशलाई बन्धक बनाएको छ। जनतालाई अलमलमा राखेको छ। गठबन्धनकै कारण विकासका गति ठप्प भएको छ। तपाईहरुलाई थाहै होला एमाले पाँच दलीय गठबन्धनको विरुद्धमा एक्लै चुनाव लडेर यो पोजिसनमा आएको हो। जनता गठबन्धनको पक्षमा नरहेको कुराको सन्देश दिइसकेको छ । अगामी २०८४ को चुनावका लागि एमाले जुटिसकेको छ। अगामी चुनाव पनि एमाले एक्लै लड्ने छ। कसैसँग कुनै गठबन्धन गर्नेछैन।

**एमाले एक्लै चुनाव लडेको दावी गर्नुभयो, जसपासँग गठबन्धन थियो त ?**

त्यो गठबन्धन थिएन। केही सीटमा चुनावी तालमेल थियो। केही सीटमा हामीले जसपालाई सघाइयौं, केही सीटमा जसपाले हामीलाई सघायो । त्यसलाई गठबन्धन भन्न मिल्दैन। गठबन्धन भएको भए हामी साथ हुन्थ्यौं। सरकारदेखि सदनसम्म हाम्रो सहकार्य हुन्थ्यो। तर चुनाव अवधिसम्मका लागि केही सीटमा तालमेल भएपछि जसपामा आफ्नो बाटो लाग्यो हामी आफ्नो बाटो लाग्यौं। हामी कहिल्यै पनि गठबन्धनको पक्षमा थिएनौं। लोकतन्त्रमा चुनावको धेरै महत्व हुन्छ। र, चुनाव भने चिज एक्ला एक्लै हुन्छ र हुनुपर्छ। एउटा व्यक्तिलाई हराउनका लागि ५-६ वटा दल मिलेका छन् भने त्यसलाई चुनाव भन्दैन। त्यो लुट हो। जसरी समूहमा गएर कही लुटपाट हुन्छन् त्यस्तै हो गठबन्धनको चुनाव पनि हो। गठबन्धन आन्दोलनका लागि हुन्छ, कुनै एजेण्डामा बहसका लागि हुन्छ, छलफलका लागि हुन्छ। नेपाल जस्तो सानो मुलुकमा गठबन्धन बनाएर चुनाव लड्ने अवस्था छैन। हामी चुनावका लागि कुनै पनि गठबन्धनका पक्षमा छैनौं।

**मधेश प्रदेश सरकार तथा सदनमा एमालेको अबको भूमिका कस्तो हुन्छ ?**

एमाले प्रमुख प्रतिपक्षि दलको भूमिकामा रहेको छ। त्यो भूमिकामै रहेर आफ्नो काम कर्तव्य निर्वाह गर्नेछ। सरकार तथा प्रदेश सभालाई गुण दोषका आधारमा समर्थन र विरोध गर्नेछ। यदि सरकारमा पुग्यौं भने त्यही अनुसार आफ्नो भूमिका निर्वाह गर्नेछ।

**त्यसो भए एमाले अझै पनि सरकार जाने भनि बाटो कुरेर बसेको हो ?**

भन्छन्, राजनीतिक सम्भावनाको खेल हो । त्यसमा जे पनि हुन्छ। नेपालमा त झन यो कुरा लागु हुन्छ। जुनबेला जे पनि हुनसक्छ। व्यक्तिको सम्भावना हुन्छ भने पार्टीको नहुने कुरै छैन। एमाले देशको दोस्रो ठूलो पार्टी र मधेश प्रदेशमा त सबभन्दा ठूलो पार्टी हो। एमालेसँग सँख्या छ, एजेण्डा छ, विचार, सोच, कार्ययोजना छ। त्यसैले सबै कुराको सम्भावना लिएर बसेको छ जे पनि हुनसक्छ। तपाईसँग कुराकानी गरिरहेको छु हुनसक्छ एकछिनमा अर्कै केही भइदिन्छ। सरकारमा जानु र बाहिर निस्किनु नेपाल जस्तो देशमा कुनै ठूलो कुरा होइन। यहाँ हरेक कुराको सम्भावना छ। तर तपाईले भनेको जस्तो हामी बाटो कुरेर बसेका छैनौं। हाम्रो लागि सरकार प्राथमिकताको विषय होइन। हामी इसु वेस, एजेण्डा वेस राजनीति गरिरहेका छौं। तर तत्काल हामीले जनतालाई केही गर्दैनौं। जे गर्छ जनताले गर्छ। यसअघि पाँच वर्ष चलेको सरकारले ५० प्रतिशत बजेट पनि खर्च गर्न सकेको थिएन। यो असक्षमता नै हो। र अहिले पनि त्यही दलले सरकारको नेतृत्व गरिरहेको छ। मलाई लाग्दैन कि विगत भन्दा केही १९-२० हुन्छ । विगतकै निरन्तरा हुन्छ जस्तो लागि रहेको छ। यसको मूल्यांकन जनताले गरिरहेको छ। जनतालाई हामीलाई जे निर्देशन दिन्छ हामी त्यस्तै गर्छौं।



# रोजगारको भोक

- स्नेहा आइएससीमा पढ्दा नै जागिरको खोजीमा निस्किसक्नु भएको थियो। पत्रिका ल्याएर त्यसमा देखिएका विज्ञापनमा गोलो लगाउनु हुन्थ्यो र एक–एकलाई फोन गरेर  र बोलाएको ठाउँमा जानु हुन्थ्यो।
- बीएससी सकाएपछि स्नेहालाई झन रोजगारीको भोक जाग्यो। कारण थियो घरको जिम्मेवारी उहाँको काँधमा आएको थियो। बीएससी सकेपछि एक दिन बुवा रमेश झाले छोरी स्नेहा र छोरा अनुज झालाई घरमा बसाएर भन्नुभएको थियो, 'मैल तिमीहरुलाई पढाए लेखाए, अब तिमीहरु आफै केही गर।
- बुवा घर छाडेर गइसकेपछि स्नेहाले आफ्नो जिम्मेवारी बोध गरेर जागिरको खोजीमा हुनुहुन्थ्यो। पहिला जस्तै पत्रिकामा विज्ञापन हेर्ने, फर्म भर्ने बोलाएको ठाउँमा जाने, परीक्षा दिने तर सधै फेल हुने।
- बेरोजगारीका कारण त्यहाँ काम गर्न थाले पनि स्नेहालाई त्यहाँ चित्त बुझिरहेको थिएन। उहाँलाई जागिरको चिन्ता कायम थियो। उहाँले काठमाडौँ सहरमा जागिर खोजि रहनु भएको थियो। त्यति नै बेला उहाँका आमा बैदेहीको नजर टि टीभिको स्क्रिनमा पुग्यो।
- स्नेहा झा भन्नुहुन्छ, 'सबैको लागि आमा महत्वपूर्ण नै हो तर मेरो लागि खास हो। हाम्रो लागि आमाले धेरै गुण लगाउनु भएको छ सायद आमाले आँट नगरेको भए हामी काठमाडौँसम्म आउने थिएनौं, हामी भाइ बिहिनीलाई आमाले सम्हाल्नु भयो र अहिलेसम्म सम्हाल्दै आउनुभयो।'
- टि टिभीमा एक दिन स्नेहाले समाचार पढी रहनु भएको थियो। त्यसमाथि पुर्णेन्दु झाको नजर पर्‍यो , तल स्क्रिनमा लेखिएको थियो स्नेहा झा। त्यसपछि पुर्णेन्दुको मनमा लड्डु फुट्न थाल्यो। मनमनै स्नेहालाई आफ्नो लागि रोज्न थाल्नुभयो।

'जीवनलाई पानी जस्तो बग्न दिनुपर्छ, उसले आफ्नो बाटो आफै बनाउँदै हिड्छ, त्यसलाई थुन्ने काम गर्‍यो भने भत्केर जुनसुकै बेला पनि तुफान ल्याउन सक्छ ।' यो सन्दर्भ ठ्याक्कै स्नेहा झाको जीवनसँग मेल खान्छ । पत्रकार स्नेहा झाको जीवनमा तुफानले साक्षात्कार गर्न चाहे तर उहाँले छेउछाउ पनि आउन दिनुभएन । उहाँले आफ्नो जीवनलाई पानी जस्तो बग्न दिनुभयो कहिल्यै त्यसलाई थुनछेक गर्ने प्रयास गर्नुभएन । किनभने उहाँलाई थाह थियो, 'यदि यसलाई थुन्ने वा छेक्ने प्रयास गरे भने उथल पुथल ल्याउँछ र त्यसले धेरै कुरा भत्काउदै जान्छ, त्यसैले निरन्तर बगिरहन दिनुपर्छ ।' ३७ वर्षीय स्नेहाले त्रिचन्द्रबाट आइएससी (२०६२) गरेपछि त्यहीबाट बीएससी (२०६६) सकाउनुभयो । साइन्स ब्याकग्राउण्डका स्नेहा पत्रिकारितामा कसरी आउनु भयो भनि धेरैलाई कौतुहलता लाग्न सक्छ । स्नेहाले केही गर्ने, केही पाउने उद्देश्य कहिले लिनु भएन । उहाँलाई जस्ट आइए, बीए पढ्ने इच्छा थियो तर आमा-बुवाले छोरी साइन्स बढ्नु पर्छ भन्नुभएको थियो तर किन पढ्नुपर्छ त्यो पनि त्यतिबेला भनिएको थिएन ।

आमा-बुवाले भनेको आधारमा उहाँले साइन्स पढ्न सुरु गर्नुभएको थियो । साइन्स पढेर गर्ने के त्यो पनि स्नेहालाई थाह थिएन । पढाई गरेर के गर्छु त्यो पनि कुनै लक्ष्य थिएन । तर उहाँलाई यति थाह थियो कि जीवन जिउनका लागि केही गर्नुपर्छ । यही गर्नुपर्छ त्यो पनि थिएन जे आउँछु त्यही गर्छु भनि सोच उहाँको थियो ।

**जागिरको खोजी**

स्नेहा आइएससीमा पढ्दा नै जागिरको खोजीमा निस्किसक्नु भएको थियो । पत्रिका ल्याएर त्यसमा देखिएका विज्ञापनमा गोलो लगाउनु हुन्थ्यो र एक-एकलाई फोन गरेर  र बोलाएको ठाउँमा जानु हुन्थ्यो । यो काम बीएससी पढ्दासम्म पनि भयो । रिसेप्सनिष्टदेखि लिएर शिक्षकसम्म, इभेन्ट माइनेजमेन्टदेखि पत्रकारितासम्ममा उहाँले ट्राइ गर्नुभएको थियो ।

थुप्रै ठाउँमा उहाँले मौखिक, लिखित, प्राइटिकल परीक्षा पनि दिनुभयो तर कतै पास हुनुभएन । एक दिन एउटा अर्को विज्ञापनमा पनि उहाँको नजर गयो । एफएममा आरजेको काम र नजान्नेलाई तालिम पनि दिइने विज्ञापन थियो । स्नेहालाई तालिम भन्दा पनि जागिरको आवश्यकता थियो । सानैदेखि एफएम सुनेको भरमा रेडियामा बोल्न सक्छु भनि आँट गरेर उहाँ विज्ञापन खोलेको एजेन्सीमा जानुभएको थियो ।

स्नेहासँग स्क्रिप्ट माग्यो । तर स्क्रिप्ट के हो, स्नेहालाई थाह थिएन । उहाँले त रेडियोमा सिधै बोल्न पाइन्छ सोचेर जागिरका लागि दौडिनु भएको थियो तर स्क्रिप्ट हेरेर मात्र बोल्न पाइन्छ भन्ने कुराको ज्ञान उहाँलाई थिएन । त्यहाँको म्यानेजरले स्नेहालाई स्क्रिप्टको बारेमा जानकारी दिनुभएको थियो । स्क्रिप्ट कसरी लेख्ने त्यसको फर्मेट बनाएर स्नेहालाई जानकारी दिनुभएको थियो । भोली स्क्रिप्ट लिएर आउनु भनेर स्नेहालाई पठाई दियो ।

कोठा फर्केर स्नेहाले त्यसको तयारीमा लाग्नुभयो । उहाँले एफएममा सुनेका कार्यक्रमको आधारमा गर्मी महिनामा महिलाले आफ्नो स्वास्थ्य र सौन्दर्यलाई कसरी ध्यान दिने विषयमा स्क्रिप्ट लेख्नुभयो । र भोलीपल्ट त्यो स्क्रिप्ट लिएर पुन त्यहाँ पुग्नुभयो । म्यानेजरले स्नेहाको स्क्रिप्ट हेरेर आश्चर्यमा पर्नुभयो । एफएममा कामै नगरेका, कहिले कुनै तालिम नै नलिए पनि यस्तो स्क्रिप्ट लेखेको भनि स्नेहाको तारिफ भएको थियो ।



**कला सुब्बाको नाम लिएपछि**

त्यसपछि उहाँको भ्वाइस टेस्ट भयो । त्यसमा पनि पास हुनुभयो । त्यसपछि इन्टरभ्युमा उहाँलाई बोलाइयो । भक्तपुरको एउटा रेडियो स्टेशनमा भएको इन्टरभ्युमा उहाँलाई सोधिएको थियो, 'तपाईको रोडमोडल को हुनुहुन्छ ।' उहाँले कला सुब्बाको नाम लिनुभएको थियो । त्यो सुनेर इन्टरभ्यु लिनेहरु चिढिए । स्नेहालाई उहाँहरुले झपाड्न थाल्नुभयो । रेडियो बारे थाह नहुने मान्छे कला सुब्बाको फ्यान रे । रेडियोको एउटा तालिम पनि छैन, एक दिन कुनै रेडियोमा बोलेको पनि छैन अनि आरजे बन्ने रे भन्दै स्नेहालाई गिज्याएका थिए । रेडियोको तालिम छैन भनेर उहाँलाई मौखिकमा पास गरेन ।

तर जसले उहाँलाई लिएर त्यहाँ गएका थिए, त्यसले भनेका थिए, 'स्नेहा आरजे र भिजे बन्नका लागि तालिम चाहिदैन, कला भए पुग्छ त्यो कला तिमीसँग छ चिन्ता नलिनु तपाईको यो अवाजले एक दिन दुनियाँमा तहल्का मचाउँछ ।' त्यो मान्छेको कुरा सुनेर स्नेहालाई तत्काल सन्त्वना त मिल्यो तर इन्टरभ्यु लिनेहरुले जुन व्यवहार गरेका थिए त्यसले उहाँको निकै चित्त दुखेको थियो ।

त्यसपछि त्यस्ता विज्ञापनहरु भर्ने सोच नै त्याग्नुभयो । ध्यान पढाईमा केन्द्रित गर्नुभयो । दुई वर्षपछि एउटा पत्रिकामा रेडियो तालिमको विज्ञापन निस्केको थियो । त्यसमा फर्म भर्नु भयो र बागबजारमा तीन महिनाको तालिम लिनुभयो । तालिम लिएपछि फेरि पत्रकारितातिर उहाँले ध्यान दिनुभएन । बरु उहाँले होम ट्युशनहरु पढाउनु भयो र पुनः पढाईमा नै केन्द्रित हुनुभयो । त्रिचन्द्रमा बीएससी पढ्न थाल्नुभयो । बीएससी पढ्दै गर्दा एउटा मोन्टेश्वरीमा ६ महिना पढाउनु पनि भयो ।

**बुवाले घर छाडेपछि**

बीएससी सकाएपछि स्नेहालाई झन रोजगारीको भोक जाग्यो । कारण थियो घरको जिम्मेवारी उहाँको काँधमा आएको थियो । बीएससी सकेपछि एक दिन बुवा रमेश झाले छोरी स्नेहा र छोरा अनुज झालाई घरमा बसाएर भन्नुभएको थियो, 'मैल तिमीहरुलाई पढाए लेखाए, अब तिमीहरु आफै केही गर । अब म तिमीहरुको बोझ उठाउन सक्दिन । मलाई सबै जिम्मेवारीबाट मुक्त गर । अब म तिमीहरुसँग बस्न सक्दिन ।'

त्यो दिन स्नेहाका लागि जीवनको सबभन्दा 'ट्रनिङ प्वाइन्ट' थियो । तर त्यसलाई उहाँले सहज रुपमा लिनुभयो । उहाँले भन्नुभयो, 'बुवाले यस्तो प्रस्ताव ल्याएपछि छोरीको रुपमा मलाई तकलिफ त  भएको थियो तर मैले त्यसलाई सहश्र स्विकार गरे । बुवाको पनि आफ्नो जीवन छ, आफ्नो चाहना र इच्छा छ हामीलाई जन्माउनु भयो हुर्काउनु भयो, पढाउनुभयो त्यसपछि आफ्नो बाँकी दायित्वबाट मुक्त हुन चाहनु भएको छ भने 'इटस् ओके' ।'

नास्टका कर्मचारी (अधिकृत) रमेश झाले स्नेहाका आमा बैदेही झासँग पनि यो कुरा गरिसक्नु भएको थियो । बैदही झाले पनि मुटुमाथि ढुङ्गा राखेर स्नेहाका बुवालाई स्वतन्त्र छाड्न राजि हुनुभएको थियो । यो कुरा यहाँ उठाउन कति जायज हुन्छ थाह छैन तर भनिन्छ, स्नेहाका बुवा रमेश सुरुदेखि नै छोरा छोरीप्रति त्यति जिम्मेवार हुनुहुन्थेन रे । छोरीछोरीलाई काठमाडौँ ल्याउने पढाउने र केही काबिल बनाउने त्यस्तो सोच पनि उहाँमा ।

गाउँमै बसेर पढ्दा पनि हुन्छ, काठमाडौँ आएर पढ्नु पर्छ भनि सोच रमेश झाको थिएन । तर आमा बैदेहीको जोडबलले स्नेहाहरु काठमाडौँ आउनुभएको थियो । स्नेहाहरुलाई काठमाडौँ ल्याउन बुवा रमेशको इच्छाभन्दा बढी आमाको इच्छा थियो । काठमाडौँको परिबोध बोर्डिङ स्कुलमा नर्सरीदेखि एलकेजीसम्म पढ्नु भएका स्नेहा ग्रीनलन्स एकेडेमीमा युकेजीदेखि कक्षा एकसम्म पढ्नु भएको थियो ।

त्यसपछि स्नेहालाई पनि गाउँ फर्काइयो । मामा गाउँमा गएर पढ्न थाल्नुभयो । स्नेहा भन्नुहुन्छ, 'त्यतिबेला के भयो थाह भएन तर आमा बुवाले फर्काउनु भएको थियो म फर्के ।' मामा गाउँको एक स्कूलमा दुई कक्षामा नाम लेखाउन जाँदा स्कूलले चारमा नाम लेखिदियो । पढ्नमा राम्रो छ, दुई भन्दा ठिक चारमा हुन्छ भनि एकैपटक स्नेहा चारमा पढ्न थाल्नुभएको थियो । एक वर्ष त्यहाँ पढेपछि स्नेहा फेरि काठमाडौँ आउनु भयो । ६ कक्षादेखि मध्यबानेश्वरको रत्नराज्य स्कुलमा पढ्न थाल्नुभयो । त्यहीबाट उहाँले २०५८ सालमा फर्स्ट डिभिजनले एसएलसी पास गर्नुभयो । त्रिचन्द्रबाट २०६२ मा आइएससी पास गर्नुभएका स्नेहा २०६६ मा त्यहीबाट बीएससी पनि पास गर्नुभयो ।

**पहिलो सरकारी जागिर**

बुवा घर छाडेर गइसकेपछि स्नेहाले आफ्नो जिम्मेवारी बोध गरेर जागिरको खोजीमा हुनुहुन्थ्यो । पहिला जस्तै पत्रिकामा विज्ञापन हेर्ने, फर्म भर्ने

# कले पत्रकार बनेकी स्नेहा

बोलाएको ठाउँमा जाने, परीक्षा दिने तर सधैं फेल हुने । स्नेहा सर्टकट बाटोबाट जागिर खोज्ने सोचमा हुनुहुन्थ्यो किनभने उहाँलाई तत्काल जागिर चाहिएको थियो । एक दिन स्नेहालाई उहाँका अंकल प्रमोद झाले विज्ञान मन्त्रालयअन्तर्गत बीपी कोइराला मेमोरियल फाउण्डेशनमा टिभी प्रोग्रामका लागि साइन्स ब्याकग्राउण्डका मान्छे चाहिन्छ भन्नुभएको थियो । साइन्स पढ्दा पढ्दै स्नेहाले रेडियो तालिम पनि लिनुभएको कुरा प्रमोदलाई थाह थियो ।

स्नेहाले विज्ञान मन्त्रालयमा गएर फर्म भर्नुभएको थियो । उहाँले त्यहाँ काम पाउनुभयो । नेपाल टिभीबाट प्रसारित ‘आजको विज्ञान’ प्रोग्राम २०६८ देखि चलाउन थाल्नुभयो । तर त्यहाँ एक वर्ष पनि टिक्नु भएन । स्नेहा भन्नहुन्छ, ‘त्यहाँ दुईटा कारण भयो, एक त सरकारी जागिर भएको कारणले काम गर्ने स्वतन्त्रता थिएन, खुलेर काम गर्न पाइरहेको थिइनन् । अर्को कुरा, मलाई भित्रभित्र लागि रहेको थियो कि सायद मेरो अंकलले भनसुन गर्नुभएको कारणले म यो जागिर पाएको छु । यिनै कारणले गर्दा मैले त्यहाँको जागिर छाडेर हिडेको थिए ।’

**रेडियो र टिभीको यात्रा**

त्यहाँबाट छाडेपछि राजधानी रेडियोमा काम गर्न थाल्नुभयो । बेरोजगारीका कारण त्यहाँ काम गर्न थाले पनि स्नेहालाई त्यहाँ चित्त बुझिरहेको थिएन । उहाँलाई जागिरको चिन्ता कायम थियो । उहाँले काठमाडौं सहरमा जागिर खोजि रहनु भएको थियो । त्यति नै बेला उहाँका आमा बैदेहीको नजर टि टीभिको स्क्रिनमा पुग्यो । त्यहाँ न्युज एङ्कर र रिर्पोर्टरको माग गरिएको थियो । बैदहीले खुशी हुँदै स्नेहालाई भन्नुभएको थियो, ‘यी हेर त यहाँ विज्ञापन खोलिएको छ, एकचोटी बुझ त ।’ उहाँको आमा पनि एसएलसी पास हुनुहुन्थ्यो ।

त्यो घरका लागि जागिरको कति आवश्यकता थियो यसैबाट बुझ्न सकिन्छ । स्नेहाका भाइ र बहिनी पनि पढि रहेका थिए । बुवा गइसकेपछि आमाको काँधमा सबै जिम्मेवारी आइसकेको थियो तर ती सबै जिम्मेवारी कसरी पुरा गर्ने त्यसका लागि घरमा आम्दानीको स्रोत चाहिन्छ । तत्काल त स्नेहाले आमाको त्यो कुरालाई जानी जानी इगनोर गर्नुभयो तर भित्रभित्रै त्यसको खोजीमा लाग्नुभयो । टि टीभीको कार्यालयमा गएर फर्म भर्नुभयो र उहाँले आफ्नो क्वालिफिकेशनको आधारमा २०६९ मा त्यहाँ जागिर पाउनुभयो । त्यहाँ समाचार पढ्नुको साथै रिर्पोटिङ पनि गर्नुहुन्थ्यो । त्यहाँ दुई वर्ष मात्र काम गर्नुभयो । तलबलगायतका विषयमा कुरा नमिलेपछि उहाँले त्यहाँबाट २०७१ मा जागिर छाड्नु भएको थियो ।

तर टि टीभीमा काम गरिरहँदा उहाँले पार्ट टाइम हेडलाइन्स एण्ड म्युजिक एफएममा काम गरिरहनु भएको थियो । त्यसैले त्यहाँबाट जागिर छाड्दा तत्कालै जागिरको आवश्यकता महसुस भएन तर अझै त्यो भन्दा राम्रो जागिरका लागि उहाँ प्रयासरत हुनुहुन्थ्यो । टि टीभी छाडेपछि पनि त्यो एफएममा दुई वर्ष काम गर्नुभएको थियो ।

पछि विभिन्न कारणले त्यो एफएम पनि छाड्नु भयो । तर जागिर खोज्ने काम छोड्नु भएको थिएन । हुन त पत्रकारितामै जागिर खानु पर्छ भन्ने उहाँको सोच थिएन । प्राइभेटमा जुनसुकै राम्रो काम भए गर्ने मुडमा हुनुहुन्थ्यो स्नेहा । सरकारी जागिरमा जाने उहाँको इच्छा नै थिएन । किन त जिज्ञासामा



उहाँले एक लाइनमा भन्नुभयो, ‘त्यहाँ काम गर्ने स्वतन्त्रता हुँदैन ।’ उहाँले आफ्नो बुवाको जागिरलाई नजिकबाट अनुभव गर्नुभएको थियो । सायद त्यो पनि एउटा कारण हुनसक्छ ।

त्यतिबेला मधेशी पत्रकारहरुको छाता संगठन मधेशी पत्रकार संघ खुलेको थियो । स्नेहा त्यसको मेम्बर भएर त्यसमा सक्रिय हुनुभयो । संघले नै चलाई रहेको मधेशखबर अनलाइन, हुलाकी न्युजमा काम पनि गर्नुहुन्थ्यो । त्यतिबेला त स्नेहा संघका लागि होलटाइमर जस्तै हुनुहुन्थ्यो । तर त्यहाँ उहाँको टाइम पास मात्र भइरहेको थियो । जागिर खोजी काम जारी थियो किनभने घरको आवश्यकता थियो ।

२०७३ मा एन्टेना फाउण्डेशनमा मैथिली ड्रमा ‘हिल्कोर’ मा काम पाउनुभयो । त्यहाँ स्क्रिप्ट लेख्नुदेखि लिएर हरेक कुराको मुख्य भूमिका उहाँ हुनुहुन्थ्यो । एक वर्षको लागि एग्रिमेन्ट थियो । त्यो सकेपछि उहाँ त्यहाँबाट हट्नुभयो । स्नेहाको काम देखेर उहाँलाई अर्को प्रोजेक्टमा पनि काम दिइरहेको थियो तर डाटा एनालाइसिको काम थियो, त्यसमा चित्त नबुझेर पछि त्यहाँ थप काम गर्नुभएन । स्नेहाले भन्नुभयो, ‘मलाई हिल्कोर जस्तो ‘क्रिएटिभ’ काम लागेन ।’



एन्टेना फाउण्डेशन छाडेपछि त्यसको केही दिनमै जनता टिभी ज्वाइन गर्नुभयो । २०७५ मा जनता टिभी ज्वाइन गर्नुभएका स्नेहा त्यहाँ धेरै समय टिक्नु भएन । त्यहाँ मैथिली भाषामा समाचार तथा कार्यक्रम सञ्चालनका लागि जानु भएको थियो । जनता टिभीमा मैथिली भाषामा समाचार वाचन गर्ने जानकारी कञ्चना झाबाट पाएपछि स्नेहा त्यसमा जानुभएको थियो ।

उहाँ त्यहाँ गएर मैथिली भाषाका सबै सेटिङ गर्नुभयो । तर मैथिली भाषाको समाचार १२ वजे थियो । त्यो समय उपयुक्त होइन भनि लागेर स्नेहाले मैथिली समाचार बिहान या बेलुका गरौं भनि व्यवस्थापनसँग भनिरहनु भएको थियो तर मानिरहेको थिएन । बिहान ६ वजे नै अफिस जानु पर्थ्यो । त्यो समयलाई परिवर्तन गरी दिउँसो ड्युटी दिन पनि उहाँले भन्नुभएको थियो तर नमाने पछि बाध्य भएर जागिर नै छाड्नुभयो । स्नेहा भन्नुहुन्छ, ‘जनता टिभीमा काम गरिरहँदा मैले आफ्नै केही काम सुरु गरौं सोच बन्यो त्यसका लागि मैले बिहानको समय मागेको थिए तर दिएन अनि मैले त्यहाँबाट निस्के ।’

त्यहाँबाट निस्केपछि आफ्नो काम पनि सुरु गर्न सक्नुभएन । लगतै उहाँले नेपाल टपमा काम गर्न थाल्नुभयो । नेपाल टपले युट्युब च्यानल सञ्चालन गर्ने भनि तयारी थालिएको थियो । त्यहाँ प्रोग्राम कोर्डिनेटरको रुपमा कामा गरिरहनु भएको थियो उहाँ । तत्काल युट्युब सञ्चालन नभएको कारण स्नेहाले नेपाल टप अनलाइनलाई पनि सघाई रहनु भएको थियो । त्यहाँ काम गरिरहँदा बीबीसी साझा सबाल कार्यक्रमबाट कामका लागि अफर आयो ।

साझा सबाल मधेश प्रदेश तथा लुम्बनी प्रदेशका लागि पनि लक्षित थियो । भाषाका कारण स्नेहालाई छनौट गरेको थियो । स्नेहा भन्नुहुन्छ, ‘आज म मिडियामा जे जस्तो छु, मैथिली भाषाकै कारण छु, मिडियामा मैले मैथिली भाषाकै कारण स्थान पाउँदै आए र आज यहाँसम्म आइपुगेको छु, मैथिली भाषाको जानकार नभएको भए सायद बीबीसीले मलाई सोध्दै न्थ्यो ।’

बीबीसीमा नौ महिनाका लागि सम्झौता भएको थियो । पछि एक महिना थप गर्‍यो । १० महिना चलेको थियो । सम्झौताको अवधि सकिएपछि स्नेहा २०७६ कात्तिकमा त्यहाँबाट हट्नुभयो ।

**आमा बनिन् स्नेहा**

त्यतिबेला स्नेहाले बच्चा पाउने अवस्था पनि भयो । चैतदेखि लकडाउन पनि सुरुभयो । बच्चा हुने भएपछि उहाँले कुनै काम ज्वाइन गर्नुभएन । पुरै समय घरमै बिताउनुभयो । कुनै प्रकारको तनाब नहोस् भनेर समाजिक सञ्जालदेखि लिएर अन्य समाचारहरुबाट टाढा नै रहनुभयो । अध्यात्मिक च्यानल हेर्नुको साथै पत्रपत्रिका तथा किताब पनि त्यस्तै हेर्नु पढ्नु हुन्थ्यो । उहाँले कुनै कुराको तनाव लिन चाहनु भएको थिएन । त्यही बेला नै अनलाइनमार्फत मिथिला लिपी सिक्नुभयो । स्नेहाले श्रीमन झालाई जन्म दिनुभयो । लगभग दुई वर्षको ग्यापपछि २०७८ मा अर्थ (EARTH) न्युज टेलिभिजन ज्वाइन गर्नुभयो । रञ्जन झामार्फत त्यहाँ पुग्नुभएको थियो । डेक्स एडिटर तथा न्युज एङ्कर भएर त्यहाँ काम गर्नुभयो । सुरुमा सबै ठिका ठाक नै चलिरहेको थियो । बिस्तारै तलब होल्ड हुन थाल्यो । दुई तीन महिनापछि तलब दिन थाले त्यसमा पनि थोरै थोरै दिन्थ्यो ।

यसरी अप्ठ्यारो हुन थालेपछि स्नेहा झाले त्यहाँबाट काम छाड्नुभयो । त्यहाँबाट स्नेहाले अझै केही रकम लिन बाँकी नै छन् । लगभग एक वर्ष भन्दा बढी नै त्यहाँ काम गर्नुभयो । त्यहाँ काम गर्दादेखि नै कान्तिपुर टिभीसँग कुराकानी चलिरहेको थियो । अर्थ टीभी छाडेपछि ४-५ महिनापछि उहाँले कान्तिपुर ज्वाइन गर्नुभयो । अहिले त्यहाँ दैनिक रुपमा विहान विहान गुडमोर्निङ कार्यक्रम चलाउनु हुन्छ ।

**आमा बैदेहीको माया**

स्नेहा झा भन्नुहुन्छ, ‘सबैको लागि आमा महत्वपूर्ण नै हो तर मेरो लागि खास हो । हाम्रो लागि आमाले धेरै गुण लगाउनु भएको छ सायद आमाले आँट नगरेको भए हामी काठमाडौँसम्म आउने थिएनौं, हामी भाइ बिहिनीलाई आमाले सम्हाल्नु भयो र अहिलेसम्म सम्हाल्दै आउनुभयो ।’ स्नेहाका एक जना भाइ अनुज झा उनी एउटा बिमा कम्पनीमा काम गरिरहेका छन् भने बहिनी रचना झा एउटा प्राइभेट कन्सल्टेन्सीमा कार्यरत छिन् । बुवा घर छाडेर गएरपछि अहिलेसम्म अतोपतो छैन । स्नेहा, अनुज र रचनाका लागि सबै थोक आमा बैदेही नै हुनुहुन्छ । अझै उहाँ काठमाडौँमै डेरा लिएर बसिरहनु भएको छ किन त छोराछोरीका लागि मात्र ।

**प्रेम विवाह !**

टि टिभीमा एक दिन स्नेहाले समाचार पढी रहनु भएको थियो । त्यसमाथि पुर्णेन्दु झाको नजर पर्‍यो , तल स्क्रिनमा लेखिएको थियो स्नेहा झा । त्यसपछि पुर्णेन्दुको मनमा लड्डु फुट्न थाल्यो । मनमनै स्नेहालाई आफ्नो लागि रोज्न थाल्नुभयो । पुर्णेन्दुले स्नेहाको बारेमा सर्च गर्नुभयो । सबै ठिकठाक पाएपछि फेसबुकमा फ्राइण्ड रिक्वेस्ट पठाएर जोडिनुभयो ।

त्यसपछि म्यासेन्जरमा जोडिएर पुर्णेन्दुले ‘हेलो हाइ’ गर्न थाल्नुभयो । स्नेहाको बारेमा बिस्तारै जान्न थाल्नुभयो । आफ्नो बारेमा पनि भन्नुभयो । बिवाहको बारेमा पनि स्नेहासँग सोधिएको थियो । सुरुको हेलो हाइ डेटिङसम्म पुग्यो । पुर्णेन्दुले एक पटक भेटेर कुरा गरौं भनि पटक पटक स्नेहासँग प्रस्ताव राख्नुहुन्थ्यो । तर स्नेहा टार्दै जानु भएको थियो ।

आखिर एक दिन जावलाखेलको एउटा क्याफेमा स्नेहा र पुर्णेन्दुको भेटभयो । त्यतिबेला स्नेहाल टि टिभी छाडि सक्नुभएको थियो । कफी खाँदै दुवै जनाले एक अर्कालाई बुझ्ने प्रयास गर्नुभयो । त्यो दिन लामो कुराकानी भएन । कफी सकेपछि दुवै जना आआफ्नो घर फर्किनुभयो । दुई दिनपछि पुर्णेन्दुले म्यासेन्जरमा एकैपटक बिवाहको लागि प्रस्ताव नै गर्नुभयो । तर स्नेहाले तत्कालै त्यो रिक्वेस्ट स्विकार गर्नुभएन । स्नेहा विवाद गर्ने मुडमा हुनुहुन्थेन । पहिला पनि उहाँलाई विवाहका लागि प्रस्ताव नआएको होइन । आइएससी पढ्दादेखि नै विवाहको प्रस्ताव आइरहेको थियो । उहाँको आमालाई विवाहका लागि दवाव नै आइरहेको थियो । दुईटा छोरी छन्, बिहे गरिहाल्नुस् बिहेमा ढिलो गर्नु हुँदैन पछि दहेजमा

बाँकी पृष्ठ ८ मा

## समाचार

अप्रेशन गर्दा पेटमै कपडा

# भतिजो बचाउन डाक्टरले पोल्यो अर्का डाक्टरको नाम

रिंकुकुमारी सिंहले ६४ लाख क्षतिपूर्ती मागसहित प्रादेशिक अस्पताल सिरहाका डाक्टरविरुद्ध जिल्ला प्रहरी कार्यालय सिरहामा किटानी जाहेरी दिनुभएको छ । महोत्तरी घर भएकी रिंकु कुमारी सिंहले प्रादेशिक अस्पताल सिरहामा कार्यरत डा.तेजशंकर यादवविरुद्ध जाहेरी दरखास्त दर्ता गराउनु भएको हो । रिंकुले मुलुकी अपराध संहिता २०७४ अनुसार इलाज सम्बन्धी कसुरअन्तर्गत लापरबाही तथा हेलचक्राइ गरेको कसुरको दावी गर्नुभएको हो ।

रिंकु सिंहले आफू गर्भवती अवस्थामा गत २०७९ मंसीर २० गते प्रादेशिक अस्पताले सिरहामा भर्ना भएको र प्रसुती गराउन अप्रेशन गर्ने क्रममा गाइनोलोजिष्ट डा.तेजशंकर यादवले कपडा जस्तो देखिने वस्तु पेटमै छोड्नु भएको थियो । आन्द्रामा समेत असर परेपछि वीर अस्पतालमा भर्ना हुँदा डाक्टरले आन्द्रा काटेर बाहिर निकालिएको छ तर अहिले प्लास्टिकको ब्यागमा दिसापिसाब गर्ने बाध्य भएको ब्यहोरा रिंकुले दिएकी जाहेरीमा उल्लेख छ ।

हालसम्म १४ लाख रुपियाँ उपचारमा खर्च भइसकेको छ । रिंकुले क्षतिपूर्तिवापत ५० लाख थप उपचार गराउन खर्च भएको १४ लाख रुपियाँसहित ६४ लाख उपलब्ध गराइ डाक्टरमाथि कारवाहीको माग गर्नुभएको हो ।

रिंकुको जाहेरीका अनुसार आरोपित डाक्टर तेजशंकर प्रादेशिक अस्पताल सिरहाका मेडिकल सुपरिटेन्डेन्ट डा.नागेन्द्र यादवको आफ्नै सहोदर भतिजा हुनुहुन्छ । जिल्ला प्रहरी कार्यालय सिरहाको अपराध अनुसन्धान शाखाले रिंकु कुमारी सिंहको शल्यक्रिया कुनकुन चिकित्सकको निगरानीमा भएको हो भन्ने व्यहोराको जानकारी गराउन गरिएको पत्राचारको जवाफमा प्रादेशिक अस्पताल सिरहाका मेडिकल सुपरिटेन्डेन्ट डा.नागेन्द्र यादवले रिंकु कुमारी यादवको शल्यक्रिया डा.राकेशकुमार सिंहले गर्नुभएको र अप्रेशनको समयमा आन्द्रा स्वस्थ्य रहेको दावीसहितको जानकारी प्रहरीलाई पठाउनु भएको छ ।

शल्यक्रिया गर्नु अगाडि र शल्यक्रिया गरिसकेपछि औजार उपकरण, लगायतको भौतिक सामाग्री गणना गर्दा सबै समान ठिक रहेको विवरण उहाँले प्रहरीमा पठाउनु भएको डा.राकेशकुमार सिंहले बताउनुभयो । यता, डा.राकेशले रिंकुको शल्यक्रियामा आफ्नो कुनै किसिमको संलग्नता नरहेको दावी गर्नुभएको छ ।

डा.नागेन्द्रले आफ्नो भतिजो बचाउनका लागि आफूलाई फँसाउन लागि परेको दावी डा.राकेशले गर्नुभएको छ । उहाँले अप्रेशनको क्रममा प्रयोग हुने ओटी नोट शल्यक्रिया रेकर्ड रजिष्टर र मातृ तथा नवजात शिशु सेवा रजिष्टर हेर्न सञ्चारकर्मीलाई आग्रह पनि गर्नुभएको छ । सो रजिष्टरहरु झिकाउन सिरहा प्रहरीको नाममा आदेश जारी गर्न जिल्ला प्रशासन कार्यालय सिरहामा उहाँले निवेदन पनि दर्ता गराउनु भएको छ । जाहेरीवालाको जाहेरीले आरोपित डा.तेजशंकर यादव प्रादेशिक अस्पताल सिरहाका सुपरिटेन्डेन्ट डा.नागेन्द्र यादवको आफ्नै सहोदर भतिजा नाताका रहेकोले निजको बचाउ गर्न र आफूलाई फँसाउन झुठा विवरण पेस गरेको प्रसाशनमा डा.राकेशले दिएको निवेदनमा उल्लेख छ । यस विषयमा जान्नका लागि प्रादेशिक अस्पताल सिरहाका मेडिकल सुपरिटेन्डेन्ट डा.नागेन्द्र यादवलाई फोनमा पटक पटक सम्पर्क गर्ने प्रयास गर्दा सम्पर्क हुन सकेन ।

# रञ्जिताले गरेको गल्तीलाई करेक्सन गर्दै रेशम चौधरी

२०७४ मा तत्कालिन राष्ट्रिय जनता पार्टीबाट प्रतिनिधि सभामा कैलालीबाट चुनावी जित्नुभएका रेशम चौधरी टिकापुर घटनाको मुख्य दोषी करार गर्दै जिल्ला अदालत कैलालीले उहाँलाई जन्मकैदको फैसला सुनाएको थियो । तर उहाँ राष्ट्रपतिबाट आमामाफी पाएर बाहिर निस्किनु भएको छ । बाहिर निस्केर रेशम चौधरी भन्ने गर्नुभएको छ, ‘रञ्जना थरुनीले सरकार चलाउनु हुन्छ म पार्टी चलाउछु ।’ जेलमै रहेको बेला आफ्नी श्रीमती रञ्जना श्रेष्ठलाई अध्यक्ष बनाएर नागरिक उन्मुक्ति पार्टी बनाउनु भएका रेशम चौधरीले जेलबाट नै चुनाव जिताएर उहाँलाई मन्त्रीसम्म बनाउन सफल हुनुभयो ।

तर यी सबको जस उहाँले आफ्नो श्रीमती श्रेष्ठलाई दिनुहुन्छ । उहाँ भन्ने गर्नुहुन्छ, ‘रञ्जना श्रेष्ठ नेवारकी छोरी हुन् तर उनी थरुनी भइन् । थरुनी भएर थारुको सेवामा दिन रात खटिइन्, गाउँगाउँ, घरघर गएर संगठन बनाइन् आज मन्त्री भइन् त्यसैले उनी सरकार चलाउँछिन् म पार्टी चलाउँछु ।’ यो भन्दै उहाँ देश दौडाहा निस्कनु भएको छ । कैलालीको आफ्नो क्षेत्र तथा जिल्लामा डुलिरहनु भएको छ । विभिन्न व्यक्तिसँग भेटघाट गरिरहनु भएको छ । तराईका अन्य जिल्लामा पनि उहाँ पुग्ने गर्नुभएको छ ।

काठमाडौँमा पनि विभिन्न नेताहरुसँग भेटघाट गर्ने गर्नुभएको छ । उहाँले जेठ ३० गते जनमत पार्टीका अध्यक्ष डा.सिके राउतलाई पनि भेट्नु भएको छ । जनमतको पार्टी कार्यालयमा गएर अध्यक्ष राउतलाई भेट्नुभएको छ । दुई जनाको बीचमा बैकल्पिक शक्ति निर्माणको विषयमा कुराकानी भयो । आफू जेलमा भएको बेला दुई पार्टीको बीचमा बनेको गठबन्धनलाई पुनः सक्रिय गर्न नेता रेशम चौधरीको आग्रह थियो ।

गठबन्धन बनाएपनि सहकार्य हुन सकेन अब त्यसलाई करेक्सन गदै ‘ अगाडि बढौं भनि मेरो सुझाव हो, रेशमले अध्यक्ष राउतलाई भनेको कुरालाई उद्धृत गर्दै स्रोतले भन्यो, ‘ अब अगामी दिनमा सहकार्य गरेर अगाडि बढ्नुपर्छ, त्यसका लागि निकट भविष्यमा छलफल गरौं र एउटा निर्णयमा पुगौं ।’ तर नेता चौधरीले अध्यक्ष राउतसँग समान्य भेटघाट मात्र रहेको दावी गर्नुभयो । उहाँले भन्नुभयो, ‘म जेलबाट निस्केपछि सबैलाई भेटिरहेको छु, त्यही क्रममा सिकेजीलाई भेटेको हुँ त्यो समान्य भेटघाट थियो ।’ राजनीतिकमा भएपछि कहिले कोसँग त कहिले कोसँग सहकार्य र कार्यगत एकता गरिरहनु पर्ने हुन्छ, निकट भविष्यमा सिके राउतसँग पनि कुराकानी हुनसक्छ तर अहिले त्यस्तो केही छलफल नभएको उहाँले दावी गर्नुभयो ।

२०७९ पुस २४ गते दुई दलको बीचमा कार्यगत एकताका लागि १२ बुँदे सम्झौता भएको थियो । दुवै दलमा कार्यगत एकता भए पनि त्यसपछि कुनै छलफल भएन । कुनै विषयमा सहकार्य भएन । त्यसपछि फागुन २७ गते जनमत पार्टी, लोसपा र नागरिक उन्मुक्ति पार्टीबीच कार्यगत एकताको सहमति भएको थियो । सहमतिपत्रमा लोसपाका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सीके राउत र नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो । तर त्यो कार्यगत एकताले पनि काम गरेन । राष्ट्रपति, उपराष्ट्रपति चयनदेखि सरकार निर्माण तथा उपनिर्वाचनमा पनि आआफ्नो बाटो लागेका थिए । कार्यगत हुँदा पनि सहकार्य नभएको कुरालाई स्विकार गर्दै रेशम चौधरीले अगामी दिनमा एक भएर अगाडि बढ्ने प्रतिवताद्धता जनाएको जसपाका एक नेताले बताउनुभयो ।

# पत्रकारविरुद्ध जिल्ला अदालतमा मुद्दा

पत्रकारले फेसबुकमा लेखेर आफ्नो चरित्र हत्या गरेको दावी सहित सिरहा नवराज गाउँपालिकाका अध्यक्ष शिवउदगार यादवलले सिरहाका पत्रकार बिटु सिंह विरुद्ध जिल्ला अदालत सिरहामा रीट निवेदन दर्ता गराउनु भएको छ ।

सिरहाको गोलबजारमा सञ्चालित एमस्टार टेलिभिजनका संचालक बिटु सिंहले सामाजिक सञ्जाल फेसबुकको प्रयोग गरी आफ्नो चरित्र हत्या गरेको तथा सम्मानपूर्वक बाँच्न पाउनुपर्ने हकवाट बञ्चित गरेको आरोप अध्यक्ष यादवले लगाउनु भएको छ । उहाँले समाज, घरपरिवार,  छोराछोरी र आफन्तको नजरमा कलङ्कित गरेर चरित्र हत्या हुने गरी स्टाट्स लेख्नु भएका पत्रकार सिंह बिरुद्ध रीट निवेदन दर्ता गराइएको गाउँपालिकाका अध्यक्ष यादवले बताउनुभयो ।

पत्रकार बिटु सिंहले आफूले फेसबूकमा चरित्र हत्या गर्ने मनसायले नलेखेको बताउनुभयो । गाउँपालिका अध्यक्षको दावी सही भयो भने पत्रकार सिंहलाई ३ वर्ष कैद ,३० हजार जरीवाना वा दुवै सजाय हुनसक्ने गाउँपालिकाका अध्यक्षको कानून व्यवसायीले दावी गरेका छन् । पालिका अध्यक्ष यादवले, चार लाख ५० हजार क्षतिपूर्ति र एक लाख मुद्दा खर्च समेतको दावी गर्नुभएको छ ।

पालिकाका अध्यक्ष स्वयम्ले सगरमाथा चौधरी आँखा अस्पतालसँग मोतियाबिन्दु बिरामीको लागी निःशुल्क शल्यक्रिया अप्रेसन कार्यक्रममा सम्झौता गरेको विषयलाई लिएर पत्रकार बिटुले २५ सयका दरले पैसा उठाई भ्रष्टाचार गरेको आशयसहितको फेसबुकमा स्टाट्स लेख्नुभएको थियो । सोही विषयलाई लिएर पालिकाका अध्यक्ष यादवले प्रेस काउन्सिल ऐन,२०४८ र उत्तरदायी पत्रकारिताको ख्यालै नगरी झुठो आरोप लगाएर गाली बेज्जती तथा अपमान गरेकोले न्यायका लागि अदालत गएको बुझिएको छ ।

केही दिनदेखि सिरहाका पत्रकारहरु फेसबुके पत्रकार बनेको जन गुनासो बढिरहेको बेला गाउँपालिकाका अध्यक्ष यादवले यो मुद्दा दायर गरेको कुरा बाहिर आएको हो । फेसबुक विचार पोख्ने प्लेटफर्म हो भन्दै सिरहाका केही पत्रकारले बीना आधार प्रमाण स्टाट्स लेखि थ्रेट गर्ने गरेको गुनासो बढ्दै गएको छ ।

# रोजगारको भोकले...

समस्या हुन्छ जस्ता कुरा गरेर स्नेहाका आमालाई गलाउने निकै प्रयास भएको थियो । स्नेहा पत्रकारितामा सक्रिय भएपछि त झन नानाथरी कुरा लगाएर मान्छेहरु उहाँको आमासँग कुरा राख्नु हुन्थ्यो । तर उहाँको आमा बैदेही गल्नु भएन । स्नेहाले बिहेका लागि राजि भएपछि मात्र कुरा अगाडि बढ्छ भनि जवाफ दिनुहुन्थ्यो ।

स्नेहा कलेज पढ्दा उहाँलाई मन पराउनेको कमी थिएन । क्लाशबाट निस्केपछि केटाहरु अगाडि पछाडी गर्थे । कतिपयले प्रस्ताव नै राखेका थिए तर ती कुराहरुसँग स्नेहाले कहिले मतलब राख्नुभएन मतलब थियो त सिर्फ पढाईसँग मात्र । तर एक दिन यस्तो समय आयो कलाकारिता क्षेत्रमा सक्रिय पुर्णेन्द्रलाई आफ्नो मान्न राजि हुनुभयो ।

उहाँहरुको बीचमा दुई वर्षसम्म लभ अफेयर चल्यो । तर स्नेहा भन्नुहुन्छ, ‘त्यसलाई लभ अफेयर त न भनौं तर म बिहेका लागि तयार नभएको कारणले केही समय लागेको मात्र हो । यद्यपी त्यो बीचमा हामीबीच भेटघाट कुराकानी हुन्थ्यो ।’ स्नेहा बिहेका लागि तयार नहुँदा पुर्णेन्दुले उहाँलाई धेरै पिछ्रा गर्नुभयो । कुनै कार्यक्रममा स्नेहा जाँदैछ भनि थाह पाउने बित्तिकै पुर्णेन्दु त्यहाँ पुग्नुहुन्थ्यो । कुनै नकुनै बहानामा पुर्णेन्दुले कुराकानी गर्नुहुन्थ्यो । कहिले काही दुई जनाको बीचमा बाहिर क्याफेमा पनि भेट हुन्थ्यो । आखिर २०७३ फागुन १२ गते जनकपुरमा सर्लाही गोडैताका पुर्णेन्दुसँग बिहे भयो । दुवैजना खुशी खुशी जीवन बिताइरहनु भएको छ । उहाँहरुको अहिले एउटा छोरा छ, श्रीमन झा ।


## फलफूल पकाउन कार्वाइड (एसिटिलिन ग्यास) को प्रयोग नगर्नेसम्वन्धी सूचना !

खाद्य नियमावली २०२७ को दफा १९ (घ) वमोजिम कार्वाइड (एसिटिलिन ग्यास)को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा विक्रि गर्न वा विक्रिको लागी राख्न निषेध गरिएको व्यहोरा फलफूलकोआयात, उत्पादन, भण्डारण तथा विक्रिवितरणमा संलग्न सबै व्यवसायीहरुमाजानकारीका लागीसूचित गरिन्छ ।साथै व्यवसायिक रुपमा फलफूल पकाउने व्यवसायीहरुलेरसायन प्रयोग गरि फलफूल पकाउनु पर्ने भएमा अन्तर्राष्ट्रिय प्रचलनमा रहेका फलफुल पकाउन स्वीकृत रसायनहरुको तोकिएको विधि अनुरुप मात्र गर्नुहुन समेतसूचित गरिन्छ ।
आँप लगायतका फलफुल खरिद गर्दा कार्टुन वा क्रेटमा फलफुलको प्रत्यक्ष संपर्कमा रहने गरि केमिकल राखेको पाइएमा खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ । फलफूल उपभोग गर्दा राम्ररीसफा पानीले पखालेर मात्र उपभोग गर्नुहुन समेत आम उपभोक्तामा अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौँ
०१-४२६2430, 01-4262369
Email: info@dftqc.gov.np
www.dftqc.gov.np

## मनोरञ्जन/विविध

### जयकृष्ण...

१९ वर्षदेखि भुमीगत रहनु भएका गोइत विद्यार्थी कालदेखि नै वामपन्थी विचारका हुनुहुन्थ्यो तर उहाँलाई कम्युनिष्ट पार्टीले नै धोका दिएको थियो । वामपन्थीका विभिन्न पार्टी तथा विचार समूह हुँदै माले, त्यसपछि एमाले अनि माओवादी र माओवादी छाडेर सशस्त्र आन्दोलनमा लाग्नुभएका गोइतले कम्युनिष्ट नेताहरुसँग सम्पर्क गर्न पनि रुचाउनु भएको छैन । भारतमा भुमीगत जीवन बिताइ रहनु भएका गोइतलाई उमेर पनि साथ दिइरहेको छैन । पटक पटक अस्वस्थ्य भइरहने गोइतका सहयोगीहरुले पनि यो भुमीगत राजनीति छाडेर मुलधारको राजनीतिमा आएर आफ्नो बाँकी जीवन आफ्नै भुमीमा बिताउँदा राम्रो हुने भनिरहेका छन् । गोइत सप्तरीका हुनुहुन्छ । सरकारसँग वार्ता गर्ने तर यूएनको मध्यस्थतामा गर्ने कुरा गोइतले पटक-पटक उठाउँदै आउनु भएको छ । तर सरकारले कसैको मध्यस्थता चाहेको छैन । गोइतसँग सिधै वार्ता गर्न चाहन्छ ।

### भारतबाट...

गर्नुभएको छ । मन्त्रीपरिषद्ले पूर्णता पाइसकेका हुनाले कुन मन्त्रीलाई हटाउनेमा अन्योल देखिएको छ । माओवादी केन्द्रका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री प्रचण्डले आफ्नै पार्टी वा काँग्रेसबाट एक जना मन्त्री हटाएर जनमत पार्टीबाट मन्त्री बनाउने तयारीमा हुनुहुन्छ तर कसलाई हटाउने विषयमा अन्योल देखिएको छ । माओवादीबाट समान्य प्रशासन मन्त्री बनेका अमनलाल मोदी वा पर्यटन मन्त्री सुदन किराँतीमध्ये एउटालाई हटाएर जनमतका मन्त्रीलाई राख्ने विषयमा पनि छलफल चलिरहेको छ ।

तर प्रचण्डका लागि त्यो पनि सजिलो छैन । आफू प्रधानमन्त्रीमा कामय रहन सबै कुरा गुमाउँदै आउनु भएका प्रधानमन्त्री प्रचण्डले भएका मन्त्रीलाई पनि हटाएर अरु पार्टीलाई राख्ने कुरालाई उहाँकै पार्टीका नेताहरुले मान्ने पक्षमा देखिएका छैनन् । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखमध्ये एउटा पनि माओवादीको भाग परेको छैन । त्यसले पार्टीमा त्यतिकै विवादको विषय बनेको छ ।

अहिले आफ्नै पार्टीका मन्त्रीलाई हटाएर जनमत पार्टीलाई भित्र्याउने कुरामा पार्टी सहमत हुन सक्दैन भनि स्रोतहरुले दावी गरेका छन् । पार्टीका नेता वर्षमान पुन र जनार्दन शर्मा नै यो कुरा मान्न तयार देखिनु भएको छैन । कृष्णबहादुर महाराले प्रचण्डलाई सहयोग गरे पनि वर्षमान र जनार्दन त्यो पक्षमा नदोखिएको स्रोतले दावी गरेको छ । वर्षमान पुन उपचारका लागि चीनमा हुनुहुन्छ । एक दुई दिनमै नेपाल फर्किने कार्यक्रम रहेको बुझिएको छ । त्यसपछि पार्टीमा थप कुराहरु अगाडि बढ्ने बुझिएको छ ।

### मधेशमा...

दिएको तर नारायणकाजीले फिर्ता हुने पत्र नबुझ्न मुख्यमन्त्री यादवलाई दिएको दबावका कारण पार्टीमा विवाद नहोस् भनेर प्रचण्डले मन्त्रीहरुको राजिनामालाई रोक्नुभएको थियो ।

यसरी मधेश प्रदेशमा प्रचण्डको निर्णयमाथि नारायाणकाजी श्रेष्ठको हस्तक्षेप यो पहिलो होइन । यसअघिको सरकारमा पनि प्रचण्डले मन्त्रीको बारेमा गरेको निर्णयलाई तत्कालिन मुख्यमन्त्री लालबाबु राउतलाई फोन गरेर रोक्न लगाउनुभएको थियो । त्यतिबेला पनि प्रचण्डले मधेश सरकारमा भरत साह र जगत यादवलाई सरकारमा पठाउने निर्णय गर्नुभएको थियो । सो निर्णय अनुसार सपथका लागि तयारी भइरहेको थियो तर नारायणकाजी श्रेष्ठको हस्तक्षेपका कारण सपथ रोकिएको थियो । पछि नेता श्रेष्ठले रुबी कर्ण नाम पठाएर भरत साहसँगै मन्त्रीको सपथग्रहण गराउनुभएको थियो । यसपटक पनि उहाँले हस्तक्षेप गरेर मन्त्रीलाई सरकारबाट फिर्ता हुन रोक्नुभएको छ ।

### नेपालमा...

कालापानी त कहिले चुच्चै नक्सा, कहिले आदिपुरुषको प्रर्दशनको विवाद आउँछ तर हिन्दु स्वयंसेवक संघले कुनै प्रतिकृया दिँदैन बरु त्यसलाई मलजल गर्ने गरि गतिविधि गरेको गुनासो आइरहेका छन् ।

भारतको सबभन्दा ठूलो संगठन 'राष्ट्रिय स्वयमसेवक संघ'सँग सिधा सम्बन्ध राख्ने नेपालस्थित 'हिन्दू स्वयमसेवक संघ'ले दुई देशबीच जनस्तरमा बेलाबखत हुने असमझदारीलाई झन् मलजल गर्ने गरेको हिन्दु राष्ट्र अभियानमा लागेका एक स्वयंसेवकले आरोप लगाउनु भएको छ । उहाँले सहारा टाइम्ससँग कुरा गर्दै भन्नुभयो, 'संघले यस्ता असमझदारीहरुलाई चिर्नुको सट्टा उल्टै आँगोमा घिउ थपे झै भारत-नेपाल सम्बन्ध बिगार्ने विचारहरुलाई प्रोत्साहन गर्ने गरेको छ ।'

काठमाडौं महानगरपालिकाको प्रमुख बालेन्द्र साहले काठमाडौं उपत्यकामा हिन्दी फिल्म चल्न नदिने घोषणा गरेका छन् । उक्त घोषणालाई हिन्दू स्वयमसेवक संघको एक महत्वपुर्ण संस्था 'नीति अनुसन्धान प्रतिष्ठान' को कार्यालय प्रमुख सन्तोष आचार्यले सर्मथन गर्दै आफ्ना फेसबुकमार्फत भारतले नेपालमाथि सांस्कृतिक अतिक्रमण गरेको आरोप लगाउनु भएको छ । र त्यसलाई हिन्दू स्वयससेवक संघको प्रमुख वेद प्रकाशले लाईक गर्नुभएको छ । आचार्यले नेपालमा सो चलचित्र काठमाडौंमा चल्न नदिने बालेन्द्र साहको भनाईलाई 'गुड जब' भन्नुभएको छ ।  नीति अनुसन्धान प्रतिष्ठान दिपक अधिकारीकै नेतृत्वमा चल्ने संस्था हो । स्रोतहरु भन्छन्, 'दिपक अधिकारी भारत मणिपुरका हुनुहुन्छ ।'

दिपक अधिकारी समेतले आचार्यको भारत-नेपाल सम्बन्ध विरोधी टिप्पणीहरुलाई मौन समर्थन गर्ने गरेको सहजै बुझ्न सकिन्छ । जबकी आचार्य सो प्रतिष्ठानको तलबी कर्मचारी हुनुहुन्छ । सन्तोष आचार्यलगायत हिन्दू स्वयमसेवक संघका अन्य तलबी कर्मचारीले विभिन्न समयमा भारत-नेपालबीच हुने असमझदारीलाई मलजल गर्ने गरेको आरोप लाग्दै आएको छ । उहाँहरुले कालापानी लिपुलेक विवाद र ग्रेटर नेपालको नक्सा प्रकरणमा असमझदारीहरु चिर्न पहल गर्नुभन्दा पनि त्यसलाई झन् बढाउने कार्य गरेको भन्दै आलोचना भएको थियो । नेपालस्थित हिन्दू स्वयमसेवक संघका पुराना कार्यकर्ताहरुले यस संस्थामा भारत र नेपालबिरोधी व्यक्तिहरुको घुसपैठ भएको आशंका गर्ने गरेका छन् । अमेरिकाद्धारा प्रकाशित नेपालको धार्मिक स्वतन्त्रता सम्बन्धि प्रतिवदेनमा राष्ट्रिय स्वयमसेवक संघले आफ्नो उपकरणमार्फत नेपालमा हिन्दू राष्ट्र स्थापनाको लागि पैसा दिने गरेको उल्लेख गर्दा समेत संघको प्रमुख प्रचारक दिपक अधिकारी सो प्रतिवेदनमाथि मौन रहनाले समेत संघका कार्यकर्ताहरुको आशंकालाई बल पुगेको देखिन्छ ।

नेपालस्थित अमेरिकी राजदुतावाससँग दिपक अधिकारीको निकटताले समेत नेपालस्थित हिन्दू स्वंयमसेवक संघमा घुसपैठ रहेको आरोपलाई बल पुग्छ । अधिकारीले नीति अनुसन्धान प्रतिष्ठानको विभिन्न कार्यक्रमहरुमा अमेरिकी राजदूतलाई प्रमुख अतिथी बनाएपछि प्रतिवेदनमाथि मौन समर्थन रहेको प्रष्ट बुझ्न सकिन्छ ।

### आफू...

उनीभन्दा ठूलो चरित्र नयाँ पुस्ता र युवाको निम्ति अरु केही हुनै सक्दैन । हामीले सपना देख्नुपर्दछ र पूरै आत्मविश्वासका साथ त्यसमा काम गर्नुपर्दछ । आफ्नो जीवनमा लक्ष्यको निर्धारण, असल गुरुको छनोट, आफ्नो कुरालाई अभिव्यक्त गर्न सक्नु तथा त्यसमै समर्पित रहनुलाई सफलता प्राप्तिको सूत्र बताएका थिए । इतिहासमा अनेकौ नायक भए जसको त्याग र बलिदानबाट संसार यहाँसम्म आइपुगेको छ तर अभाव र समस्याका बीच यतिधेरै गर्न सक्ने निकै कम महापुरुष भए । वर्तमान पुस्ताले यदि उनको पुरुषार्थ, सङ्कल्प र सङ्घर्षलाई आत्मसात गर्नेछन् भने विरक्ति, निराशा अथवा दुःखको अनुभूति गर्नुपर्ने छैन ।

विवेकानन्दको जीवनको मिशन र भिजन (ध्येय र दृष्टि) बाट नै युवा पुस्ता जीवनको महत्त्व बुझ्ने छन् । भारत वर्षलाई उनले आध्यात्मिक एकताका निम्ति नयाँ ऊर्जा प्रदान गरे । उनकै कारण जीवनको प्रत्येक क्षेत्रमा नयाँ चेतनाको विस्तार भएको अनुभूत गर्दछन् भारतवर्षका जनता । यस्ता महापुरुष-मनिषी र विज्ञहरुकै कारण कुनै पनि देश जगद्गुरु हुने गौरव र अवसर प्राप्त गर्दछ । हामीले स्वामी विवेकानन्दका निम्ति र आफ्नो निम्ति उनको स्मरण समय-समयमा गरिराख्नु पर्दछ ।

कुनै पनि देशलाई समाजवादी अथवा राजनीतिक विचारबाट प्लवित गर्नुभन्दा पूर्व यो आवश्यक हुन जान्छ कि देशमा आध्यात्मिक विचारको बाढी ल्याइयोस् । हाम्रा उपनिषद्, पुराणहरु, वेद र सबै शास्त्रहरुमा जेजति अपूर्व सत्य लुकेका छन् ती पानाहरुलाई किताबभन्दा बाहिर ल्याउनु पर्दछ र समाजलाई जागृत गर्नुपर्दछ । मन्दिरको पर्खालभन्दा बाहिर ल्याएर, जङ्गलको शून्यभन्दा टाढा र केही सम्प्रदाय विशेषको हातबाट तानेर चारैतिर छर्नुपर्दछ । ताकि यो सत्य दावानलको समान चारैतिर फैलिन सकियोस् । हिमालयदेखि कन्याकुमारी र सिन्धुदेखि ब्रह्मपुत्रसम्म सनातन धर्मको प्रचारप्रसार हुन सकोस् । स्वामी विवेकानन्दजस्ता महामानव विरलै जन्म लिन्छन् ।













प्रोफाइल



# मास्टर बन्न नचाहेका टीएल चौधरी हजारौंलाई दिइरहेका छन् शिक्षा

टीएल चौधरी अर्थात तेजुलाल चौधरी सानै देखि खेलकुदमा पोख्त हुनुहुन्थ्यो । खेलकुदमा रुची भएको कारण उहाँलाई सेना, प्रहरीमा जागिर खान इच्छा थियो । त्यसो किन त भनि जिज्ञासामा उहाँले भन्नुभयो, 'सेना प्रहरीले स्यालुट गर्दा तथा उनीहरुलाई पनि कसैले स्यालुट गर्दा त्यसै गरौं जस्तो मन हुन्थ्यो त्यसका लागि भएपनि सेना वा प्रहरीमा जागिर खानुपर्छ भनि मेरो इच्छा थियो ।'

मास्टरी गर्छु भनि उहाँमा कहिले इच्छा जागेन । उहाँले प्रहरी र सेनामा जागिर खानका लागि निकै ट्राइ गर्नुभयो तर लिखितमा नाम निस्केपनि मौखिकमा गएर छाँटिनु हुन्थ्यो । प्रहरी, सेनामा जागिर नपाएपछि टीएलले प्रशासनतिर पनि ट्राइ गर्नुभयो तर शिक्षकतिर उहाँको रुची कहिले गएन तर परस्थितिले यस्तो बनाई दियो कि अहिले नेपालकै नम्बर वान मध्येका एक स्कूलमा मालिका हुनुहुन्छ उहाँ । शिक्षक पेसाबाट भाग्नु हुन्थ्यो तर नचाहदा नचाहदै उहाँ काठमाडौं आएदेखि शिक्षक पेसामा नै काम गर्नुभयो ।

नेपाली काँग्रेसका महासमिति सदस्य तथा सप्तरी-४ का प्रतिनिधि सभा सदस्य तेजुलाल चौधरी राजनीतिमा सक्रिय हुनुको साथै शिक्षाका क्षेत्रमा आवद्ध भएर हजारौ विद्यार्थीलाई उहाँले शिक्षा दिइरहनु भएको छ ।

**शिक्षा र खेलकुद साथसाथ**

खड्क नगरपालिका-९ सप्तरी भदियाका ६० वर्षिय तेजुलाल चौधरी ललितपुरको कुपण्डेलमा नाइटिङ्ल स्कूल सञ्चालन गर्दै आउनु भएको छ । बुवा सतोन चौधरी र आमा नैनवत्ती चौधरीको छोरा तेजुलालका दाजु छेदीलाल चौधरी किसानी गर्नुहुन्छ भने उहाँ दुई दिदी-वहिनी थपाइन चौधरी र सियावती चौधरी हुनुहुन्छ । पर्वती चौधरीसँग विहे गर्नुभएका तेजुलालका तीन जना छोरीहरु शशी चौधरी, अञ्जु चौधरी र अन्नु चौधरी हुनुहुन्छ । शशी र अञ्जुको विहे भइसकेको छ भने अन्नुले बुवालाई स्कूलमा सहयोग गरिरहनु भएको छ ।

गरिब परिवारमा जन्मिनु भएका तेजुलाल चौधरी औपचारिक शिक्षा गाउँकै जनता मावि लालपट्टी (त्यतिबेला निमावि थियो) बाट सुरु भएको थियो । छिमेकी गाउँ विष्णुपुरमा भारतबाट आउनु भएका एक जना गुरुजी हुनुहुन्थ्यो । कहिले काहीं त्यहाँ पनि पढ्न जानु हुन्थ्यो । तर फि तिर्न नसकेको कारण उहाँले त्यहाँ लामो समय पढ्नु सक्नुभएन ।

लालपटी निमाविमा सात कक्षासम्म पढ्नु भएका तेजुलाल आठ कक्षादेखि जनता मावि लहानको मटिअर्वामा पढ्नु सुरु गर्नुभयो । लहानमा उहाँ होस्टलमा बसेर पढ्नुहुन्थ्यो । तर उहाँका ठूलो बुवा लहानमा पढाउन चाहनु भएको थिएन । लहानमा पढ्नका लागि खर्च दिन सकिदैन भन्दै सप्तरीकै बनरझुला स्कुल पढ्न उहाँले भनिरहनु भएको थियो । तर पढाई लेखाई तथा अन्य वतावरण राम्रो नभएको कारण तेजुलाल त्यहाँ जानु चाहनु भएन ।

जेसुकै होस्, जस्तो दुख गरेर पढ्न परोस् लहानमै पढ्ने जिद्दी गरेर तेजुलाल त्यही पढ्न थाल्नुभयो । तेजुलालको बुवाको चाहना पनि छोरा लहानमै पढोस् भन्ने थियो । त्यसले गर्दा तेजुलालको बुवा र ठूलो बुवाको बीचमा कुरा मिलिरहेको थिएन । छोरालाई लहानमा पढाउने हो भनि खर्च तिर्न सकिदैन, अलग अलग बसौं भनि कुरा आयो । तेजुलालका बुवा सतोन चौधरी छोरालाई पढाउनका लागि आफ्नो दाजुबाट अलग हुनुभयो ।

तेजुलाल घरको अवस्था राम्रो थिएन । उहाँका बुवा र आमा मजदुरी गर्नुहुन्थ्यो । बुवा सतोन मोरगंसम्म कमाउन जानु हुन्थ्यो । गाउँमै पनि अर्काको घर, खेतबारीमा काम गर्नुहुन्थ्यो । कहिले काही भारतको पञ्जावसम्म पनि जानुहुन्थ्यो । तेजुलालको घरपरिवार यति गरिब थियो कि बिहे गरेपछि आफ्नो घरमा बस्न सक्दैन्थे दुल्हीलाई आफ्नो घरमा राख्ने सामर्थ्य समेत हुँदैन्थ्यो । बिहे गरेपछि घर ज्वाइँ नै बस्नु पर्थ्यो । तेजु लाल भन्नुहुन्छ, हाम्रो घरको परम्परा जस्तै बनिसकेको थियो, बिहे गरेपछि घर ज्वाइँ नै बस्ने । घर ज्वाई बसेपछि अलिकति जग्गा दिन्थ्यो र त्यसैमा एउटा घर बनाईदिन्थ्यो र त्यही घरबाट गुजारा गर्नुपर्थ्यो ।'

यो परम्परा हजुरबुवाको पालासम्म चलेको बताउँदै उहाँले लहानको सरकारी स्कूलमा बढ्दा खासै खर्च लाग्दैन्थ्यो । होस्टलमा बस्दा महिनाको १० किलो चामल र पाँच किलो दाल, तरकारीका लागि केही पैसा तिर्नुपर्थ्यो । स्कुल फी मामुली नै थियो त्यो बेला । तेजुलालका बुवाले जसोतसो यी सबै कुराको जोगार गर्नुहुन्थ्यो । अर्थात जहाँबाट हुन्थ्यो तेजुलालका लागि सबै कुरा पुर्याउनु हुन्थ्यो ।

तेजुलाल त्यतिबेलासम्म भलिबलका राम्रो खेलाडी भइसक्नु भएको थियो । जिल्ला मात्र होइन, पूर्वाञ्चलमै परिचित खेलाडीमा गिनिन थाल्नुभएको थियो । पढाई र खेल उहाँले सँगसँगै लग्नु भएको थियो । अन्तर जिल्ला तथा जिल्ला बाहिर हुने टुर्नामेन्टमा पनि भाग लिनु हुन्थ्यो । कहिले काही खेलबाट नगद आम्दानी पनि हुन्थ्यो तेजुलाललाई त्यसले पनि उहाँलाई पढाईमा सहयोग हुन्थ्यो ।

२०३५ सालमा उहाँ एसएलसी पास गर्नुभयो । ओभरसियर, इन्जिनियरमध्ये एउटा कुनै पढ्ने भनि तयारीका लागि उहाँ काठमाडौं आउनुभभयो । उहाँ काठमाडौं आएको त्यो पहिलो थिएन । उहाँ भलिवलको खेलाडीको रुपमा पूर्वाञ्चलबाट छनौट भएर राजको राज्याभिषेकमा खेल्नका लागि काठमाडौं आउनु भएको थियो । त्यो बेला १५ दिनसम्म बस्नु भएको थियो । त्यही बेला थुप्रैसँग उहाँको चिनजान भएको थियो । त्यही भएर उहाँ एसएलसी पास गरेपछि ओभरसियर वा इन्जिनियरिङ पढ्नका लागि काठमाडौं आउनु भएको थियो ।

महाराजगञ्जमा ओभरसियरका लागि र इन्जिनियरका लागि पुल्चोकमा फर्म भर्नुभयो । तर दुईटैमध्ये कुनैमा उहाँको नाम निस्केन । एसएलसीको मार्क्स कम भएको कारण उहाँको नाम निस्केन । तैपनि उहाँ सप्तरी फर्किनु भएन । यहीं स्ट्रगल गर्ने सोच बनाउनु भयो । र उहाँले भक्तपुरको बहुमुखी क्याम्पस सानो ठिमीमा आइएडमा नाम आइडमिसन गराउनुभयो । भक्तपुरको बोडेमा सप्तरीका राजेन्द्र चौधरी बस्नुहुनथ्यो । उहाँ भेटनरीको कर्मचारी हुनुहुन्थ्यो क्वाटरमा बस्नुभएको थियो । तेजुलाल पनि त्यही बस्न थाल्नुभयो । गाउँले भएको कारणले तेजुलालका बुवा र राजेन्द्रबीच पहिलादेखिको चिनजान थियो ।

आन्दोलनका कारण दुई वर्षे आइएडको कोर्स सकाउन तीन वर्ष लाग्यो । आइएड पास गरेपछि उहाँ बीकम पढ्नका लागि पकनाजोलको पिपल्स कलेजमा नाम लेखाउनुभयो । पकनाजोलमा पढ्न थालेपछि उहाँले बागबजारमा डेरा लिएर बस्न थाल्नुभयो । उहाँ आइएड पढाई सुरु गर्दादेखि नै होम ट्युशनहरु पढाउनु हुन्थ्यो । काठमाडौं आएपछि उहाँले घरबाट खर्च लिन छाड्नु भएको थियो ।

खेलकुद र होम ट्युशनबाट अलिअलि आम्दानी हुन्थ्यो । त्यसले काठमाडौंमा बस्न उहाँलाई गाह्रो हुँदैन्थ्यो । कहिले काही घरलाई पनि उहाँले सहयोग गर्नुहुन्थ्यो । भलिवलमा उहाँ सगरमाथा अञ्चल स्तरको खेलाडी हुनुहुन्थ्यो । बीकम पास गरेपछि उहाँले प्रहरी इन्स्पेक्टरको जागिरका लागि फर्म भर्नुभएको थियो ।

एक पटक होइन, तीन-तीन पटक फर्म भनुभयो । तर लिखितमा पास गरेपछि मौखिकमै गएर छाँटिनु हुन्थ्यो । एक पटक सेनामा पनि फर्म भर्नुभएको थियो । त्यहाँ फिजिकल परीक्षा पास गरेपनि लिखितमै फेल हुनुभयो । बाल्यकालदेखि नै तेजुलालका लागि सेना, प्रहरी बन्ने सपना थियो त्यसका लागि उहाँले मेहनत पनि गर्नुभयो । तर सफलता हात नलागेपछि उहाँ निजामती कर्मचारीतिर लाग्नुभयो ।

ताहचल क्याम्पसमा उहाँले एक वर्षे बीएडमा नाम लेखाउनुभयो । पढाई पनि गर्नुहुन्थ्यो र जागिरका लागि ट्राइ पनि गर्नुहुन्थ्यो । बीएड पास गरेपछि उहाँले मीन भवन क्याम्पसबाट एमबीए पनि पास गर्नुभयो ।

**जागिरका लागि प्रयास**

उहाँ स्कुल पढ्दा नै सेना, प्रहरीमा जागिर खाने शिक्षक नबन्ने सोच बनाई सक्नुभएको थियो । काठमाडौं आउँदा उहाँले त्यसका लागि ट्राइ पनि गर्नुभयो । लिखित पास गरेपनि उहाँ मौखिकमा फेल हुनुहुन्थ्यो । तर पापी पेटको अगाडि कसैको केही चल्दैन । आदर्श छापाखानाका लागि उहाँ भलिवल खेल्नु हुन्थ्यो त्यहाँबाट अलिकति रकम आउथ्यो तर त्यसले पनि नपुग्ने भएपछि आदर्शशौल निमावि कार्यविनाय बुङमतीमा पढाउने काम पनि काम गर्न थाल्नुभयो ।

उहाँले भन्नुभयो, 'मलाई शिक्षक बन्ने चाहना एकदमै थिएन, मैले सेना र प्रहरीमा निकै ट्राइ गरे, अझै हिम्मत हारेको थिएन तर आर्थिक अवस्था यस्तो जर्जर थियो दिनमा खाए पछि राती के खाने सोच्न बाध्य हुने अवस्था थियो, त्यसपछि 'मरता क्या नहीं करता' भनेर आदर्शशौल निमाविमा पढाउन थाले तर मास्टरी सुरु गर्दा पनि मैले सेना र प्रहरीका लागि फर्म भर्न छाडेको थिइनन् ।'

एक वर्ष आदर्शशौलमा काम गरेपछि पाटन मावि पाटनढोकामा काम गर्न जानुभयो । त्यहाँका हेडमास्टर लक्ष्मण पाण्डेले बोलाउनु भएको थियो । त्यतिबेला अहिलेको जस्तो जागिरको समस्या थिएन । विद्यालयहरुमा शिक्षकको अभाव हुन्थ्यो तर अप्लाई गरेपछि अस्थायी जागिर हुन्थ्यो । पहिला मास्टर खोजी खोजी ल्याइन्थ्यो । पाटनढोकामा दुई वर्ष काम गर्नुभयो ।

त्यसपछि उहाँ त्रिपद्म मावि पुल्चोकमा काम गर्नुभयो । त्यतिबेलासम्म उहाँले अब प्रहरी र सेनामा जागिर खान सक्दिन भनि हिम्मत हारिसक्नु भएको थियो । उहाँले अब निजमातीतर्फ लेखा अधिकृतमा दुई पटक लोकसेवा दिनुभयो । तर लिखितमा नाम निकाले पनि मौखिकमा उहाँ नाम निकाल्न सक्नुभएको थिएन ।

त्रिपदम्मा जागिरे हुँदा उहाँ शिक्षक सेवा आयोगमा पनि मावि शिक्षकका लागि परीक्षा दिनुभएको थियो । त्यसमा उहाँ एकैपटकमा नाम निकाल्न सफल हुनुभयो । उहाँ भन्नुहुन्छ, 'जेमा मेरो इच्छा थिएन, त्यसमा नाम निस्कियो, जसका लागि मैले पटक पटक प्रयास गरे त्यसमा नामै निस्केन सायद यसैलाई भाग्य भनिन्छ, मलाई सुरुदेखि नै भाग्यले शिक्षातिर डोर्याई रहेको थियो, म मास्टरी गर्दिन भन्दा भन्दै अवस्था यस्तो सृजना भयो कि कुनै विकल्प बाँकी रहने अस्थायी रुपमा मास्टरी गर्नुपर्यो । पछि स्थायीमै नाम निस्कियो ।'

माविमा नाम निकालेपछि तेजुलालको दरबन्दी भठेडाँडामा राख्यो । तर उहाँको चाहना त्रिपद्मा नै बस्ने थियो । उहाँले आफू लामो समयदेखि यही स्कूलमा पढाएको कारण यही राख्दा राम्रो हुने धारणा राख्नुहुन्थ्यो तर त्यहाँका व्यवस्थापनले अरुअरुलाई ल्याउन चाहन्थे ।

तेजुलाललाई भठेडाँडामा हाजिर हुनुस् बरु काजमा त्रिपद्मा ल्याउला भनिएको थियो तै पनि उहाँले मान्नुभएको थिएन । उहाँले काम गर्ने हो भने यही स्कूलमा गर्छु नभए अरु ठाउँ गर्दिन भनेका थिए । त्रिपद्मै निमाविमा अस्थायी काम गर्नुभयो तर स्थायी भएको मावि दरबन्दीमा कतै जानुभएन । त्यो मावि शिक्षक पद त्यतिकै कोल्याप्स भयो । त्यही स्कूलमा उहाँले 'हाम्रो कोचिङ क्लाश' चलाउनु भएको थियो । सो कोचिङमा १० कक्षाका विद्यार्थीलाई उहाँले पढाउनु हुन्थ्यो ।

त्रिपद्ममा कार्यरत रहँदा तेजुलालले समाज कल्याण परिषद्मा विज्ञापन निस्केको थियो । पौष्टिक आहार कार्यक्रमअन्तरर्गत लेखा अधिकृतमा फर्म भर्नुभयो । तर त्यहाँ पनि मौखिकमा फेल हुनुभयो ।

त्रिपद्ममा दुई वर्ष पढाएपछि उहाँ गुहेश्वरी बाल शिक्षामा पढाउन जानुभयो । त्यो स्कूल पनि निमावि थियो । त्यो स्कूललाई मावि बनाउनमा महत्वपूर्ण भूमिका थियो तेजुलालको । त्यतिबेला काठमाडौंको जिल्ला शिक्षा अधिकारी नगेन्द्र सिंह हुनुहुन्थ्यो त्यसले उहाँलाई मावि बनाउनमा सहयोग भएको थियो । गुहेश्वरीमै काम गरिरहँदा तेजुलालले घरेलु विभागअन्तर्गत एउटा प्रोजेक्टमा विज्ञापन निस्केको थियो । प्रोजेक्ट म्यानेजरमा फर्म भर्नुभएको थियो । तर त्यहाँ पनि फेल हुनुभयो ।

तर उहाँले हार मान्नु भएन । उहाँलाई मास्टरी गर्न मनै थिएन । उहाँले गुहेश्वरमै पढाई रहेको बेला नेपाल लेप्रोसी ट्रस्टमामा भ्याकेन्सी निस्केको थियो । बजार व्यवस्थापकको पदमा त्यहाँ जागिर पाउनुभयो । सो ट्रस्टबाट उहाँले धेरै ठाउँमा काम गर्ने मौका पाउनुभयो । थुप्रै ठाउँमा ट्रेनिङ पनि लिनुभयो । पाटन अस्पतालमा पनि सो ट्रष्टको माध्यमबाट काम गर्नुभयो । उहाँले ट्रस्टमा काम गरेपछि गुहेश्वरी स्कूल छाड्नु भएको थिएन ।

विहान स्कूल पढाउनु हुन्थ्यो भने दिउँसो ट्रष्टमा काम गर्नुहुन्थ्यो । काम राम्रै भइरहेको थियो । तर त्यहाँ उहाँलाई कुरा मन परेको थिएन । त्यहाँ आउने विदेशी हाकिमहरुले शनिवार-शनिवार चर्चमा गएर प्रार्थना गर्न जान भन्ने गर्नुहुन्थ्यो । त्यो कुरा तेजुलाल मन परिरहेको थिएन । उहाँहरुले पटक जान भन्नुभएको थियो । तर तेजुलाल कहिले मान्नुभएको थिएन ।

काम ठिक्कै थियो तर त्यो दबावका कारण तेजुलाल दिक्क भइसक्नु भएको थियो । त्यसपछि अब आफै केही गनुपर्छ भनि उहाँले त्यहाँ जागिर छाड्नुभयो ।

**नाइटिङ्ग स्थापना**

ट्रष्टमा काम गरिरहँदा त्यहाँ फ्लोरेन्स नाइटिङ्गलको खुब चर्चा हुन्थ्यो । उहाँको विचार, उहाँले गरेको जनसेवा तेजुलाललाई निकै मन परेको थियो । उहाँले त्यही भएर आफ्नो स्कूलको नाम नाइटिङ्गल राख्नुभयो । २०४९ सालमा एकै पटक एकदेखि नौ कक्षासम्म नाइटिङ्गल स्कूल सञ्चालन गर्नुभयो । मास्टरी र विभिन्न ठाउँमा जागिर गरेका कारण केही रकम वचत पनि उहाँले गर्नुभएको थियो । थप केही साथी भाइसँग ऋण पनि लिनुभयो । त्यतिले नपुगेपछि श्रीमतीको गहनाहरु पनि बेच्नुभयो ।

कोपण्डोलमा विष्णुभक्त तण्डुकारको घर भाडा लिएर स्कुल सञ्चालन गर्दा सुरुमा एकदेखि नौसम्म ६० जना विद्यार्थी मात्र थियो उहाँको स्कुलमा । सुरुमा नेपाली मेडियममा मात्र पढाई भइरहेको थियो । २०५२ देखि मात्र उहाँले अँग्रेजी मेडियममा कक्षा सञ्चालन गर्नुभएको थियो ।

त्यही साल उहाँले १० कक्षासम्म सञ्चालन गर्नुभएको थियो । कक्षा सञ्चालन गर्नुभयो तर विद्यार्थी नै थिएन । अनि उहाँले पढाउँदै आएको गुहेश्वरी स्कुलबाट केही विद्यार्थी तान्नुभयो । तर सरकारी मान्यता प्राप्त नभएको कारण एसएलसी परीक्षा आफ्नै स्कुलबाट दिलाउन गाह्रो थियो । गुहेश्वरी स्कुलबाट ती विद्यार्थीलाई एसएलसी दिलाउनुभयो । एसएलसी दिने विद्यार्थीमध्ये सात जना पास भएका थिए ।

पहिलो पटकमै यति राम्रो रिजल्ट आएपछि तेजुलाल निकै खुशी हुनुहुन्थ्यो । स्कुलमा काफिर मेहनत गर्नुभयो । एउटा लेखापाल राख्नुभएको थियो । बाँकी स्कूलमा गर्नुपर्ने सबै काम आफै गर्नुहुन्थ्यो उहाँ । ट्वाइलेट सफा गर्नुदेखि लिएर कक्षा कोठा सफा, शिक्षकलाई चिया पकाएर खुवाउने जस्ता काम सबै तेजुलालले आफै गर्नुहुन्थ्यो । दिनमा गर्न नसकेका काम राती पनि गर्नुहुन्थ्यो । प्रायः उहाँ स्कुलमा नै सुत्नु हुन्थ्यो ।

तेजुलाल भन्नुहुन्छ, 'म नाइटिङ्गल स्कूललाई यो स्थानमा पुर्याउन कति मेहनत गरेको छु, कति संघर्ष गरेको छु त्यो मलाई मात्र थाह छ ती सबै कुरा भन्न साध्य पनि छैन ।' केही वर्षसम्म त स्कूल पुरै ऋणमै चलिरहेको थियो । तर स्कूलमा

**बाँकी पृष्ठ १२ मा**

# लम्पी स्किन रोगको प्रकोपा



गर्मीयाम सुरु भएलगत्तै मुलुकभर गाईभैंसीमा लम्पी स्किन रोगको प्रकोप व्यापकरूपमा फैलिएको छ। चालु आर्थिक वर्षमा गत माघ महिनामा पहिलो पटक झापामा देखापरेको यस रोगको प्रकोपबाट हालसम्म नौ हजार चार सय १० गाई, गोरु र भैंसी मरेका छन्। यसैगरी, हालसम्म तीन लाख ५५ हजार छ सय ९८ पशु सङ्क्रमित भएका छन्। हाल यस रोगको प्रकोप देशभर ७३ जिल्ला फैलिएको छ। यसको प्रकोप अझै बढ्ने क्रममा रहेको कृषि तथा पशुपन्छी मन्त्रालयअन्तर्गतको पशु सेवा विभागले जनाएको छ। यसरी देशभर लम्पी स्किनको प्रकोप देखिए तापनि स्थानीय तह, जिल्ला तथा प्रदेशहरूबाट समयमै रोगको रिपोर्टिङ नहुँदा सङ्क्रमित पशुको सँख्या र रोगबाट भएको क्षतिको विवरण यकिन गर्न कठिनाइ भएको छ। साथै रोगको नियन्त्रण तथा रोकथाममा थप समस्या थपिएको छ।

विभागका वरिष्ठ पशु चिकित्सक डा.मुकुल उपाध्यायका अनुसार लम्पी स्किन रोग पक्सभाइरिडिइ जातअन्तर्गतको क्याप्रिपक्स भाइरसका कारण पशुमा अत्याधिक सङ्क्रमण गराउने सीमाविहीन रोग हो। यस रोगले पशुको मृत्युका साथै दूध र मासु उत्पादनमा ह्रास ल्याउने, गर्भ तुहाउने, बाँझोपना सृजना गर्ने, छालाको गुणस्तर घटाउने गर्दछ। यो रोग भैंसीको तुलनामा विशेषगरी गाई, गोरु तथा बाच्छाबाच्छीमा अत्यधिक सँख्यामा देखापरेको छ र यो रोगको फैलिनेक्रम जारी छ। यो रोग विशेषगरी राजमार्ग तथा सहायक राजमार्गमा अवस्थित गाईवस्तु तथा खुल्ला चौरमा चरिचरन गर्ने गाईवस्तुमा बढी देखा परेको उहाँले बताउनुभयो।

**लम्पी स्किन रोगको लक्षण**

यो रोग सङ्क्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट, प्रजननयोग्य साँढेको सिमेनबाट साथै लामखुट्टे, झिँगा, किर्ना, भुसुनाको टोकाइबाट पनि सर्ने गर्दछ। यो रोग लागेका पशुमा १०५.८ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, छालामा एकदेखि पाँच सेमीसम्म वा अझै ठूलो गाँठोहरू देखापर्ने, मुख, नाकको फोरा वरिपरि, पुच्छर, अण्डकोष, फाँचो वरिपरि समेत दुख्ने खालका गाँठोहरू देखिने, लङ्गडोपना, थुनेलो हुने, बाली नजाने, गर्भ तुहिने जस्ता लक्षणहरू देखिन्छन्। देशभर महामारीका रूपमा फैलिरहेको लम्पी स्किन रोगबाट सङ्क्रमित तथा मृत्यु भएको पशुहरूको विवरण, यस रोगको उपचार, रोकथाम तथा नियन्त्रणका लागि सेवा विभागले सबै प्रदेशका पशुपन्छी हेर्ने मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पाताल, तालिम केन्द्र तथा पालिकाहरूसँग छलफल गरिरहेको वरिष्ठ पशुचिकित्सक डा उपाध्यायले जानकारी दिनुभयो।

यस रोगको प्रकोपबाट सबैभन्दा बढी कर्णाली प्रदेशमा चार हजार ७७५ पशु मरेका छन् भने त्यसपछि सुदूरपश्चिममा दुई हजार ७४७, कोशीमा एक हजार १३२, गण्डकीमा ३३०, बागमतीमा २८१, लुम्बिनीमा ११०, मधेस प्रदेशमा ३५ पशु मरेको विभागको तथ्याङ्क छ। सङ्क्रमित पशुहरूमा औषधि र शक्तिबर्द्धक खानेकुराले निको हुने दर ३० प्रतिशत भएको विभागले जनाएको छ। विभागले यो रोग देखिने बित्तिकै बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई आराम गराउने, प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुँडो वा नरम घाँस खान दिने, सक्खर पानी खुवाउने, गोठ वरिपरि सफा राख्नेलगायतका सुझाव दिएको छ।

**कहिले भित्रियो यो रोग**

नेपालमा २०७७ असार १० गते मोरङको सुन्दरहरैचा नगरपालिका-११ का गाईहरूमा लम्पी स्किन रोगका लक्षणहरू पहिलो पटक देखापरेको विभागले जनाएको छ। लक्षण देखा परेपश्चात् उक्त गाईहरूबाट नमूना सङ्कलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मलिकुलर विधिबाट परीक्षण गर्दा २०७७ साउन ११ गते लम्पी स्किन रोग पुष्टि भएको प्रयोगशाला प्रतिवेदन प्राप्त भएको थियो। यसरी रोग पुष्टि भएपछि सो रोगको सूचना विश्व पशु स्वास्थ्य सङ्गठनमा पशु स्वास्थ्य सूचना प्रणालीमार्फत गरेको थियो।

यस लगत्तै गत असार महिनामा नै चितवनको राप्ती नगरपालिका, रत्ननगर नगरपालिका र खैरहनी नगरपालिका र मकवानपुरको हेटौँडा नगरपालिमा यो रोग देखिई धेरै जिल्लाहरूमा फैलिएको थियो। यो रोग मुख्यगरी सब सहारन अफ्रिका, मध्यपूर्व र टर्कीमा महामारीकै रूपमा देखिने गरेको र एसियामा सन् १९८९ मा इजरायलमा यो रोग देखिएको थियो। यो रोग पछिल्लो समयमा सन् २०१९ पछि दक्षिण र पूर्वी एसियाका देश जस्तै बङ्गलादेश, भारत, चीन, चीन ताइपेई र भियतनाममा देखा परिसकेको अवस्था छ।




# उखु किसानको समस्या समाधानका लागि उपसमिति गठन

उखु किसानका समस्याबारे अध्ययन गरी समाधानका उपाय सिफारिस गर्न सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले एक उपसमिति गठन गरेको छ। समितिका सदस्य कृष्णकुमार श्रेष्ठको संयोजकत्वमा रामशङ्कर यादव, सूर्यमान तामाङ (दोङ), कान्तिका सेजुवाल, गणेश पराजुली सदस्य रहनुहुने गरी पाँच सदस्यीय उपसमिति गठन भएको हो।

समितिको जेठ ३१ गते बसेको बैठकले चिनी उद्योग तथा उखु किसानका समस्या तथा सुझाव अध्ययन उपसमिति गठन गरेको छ। उपसमितिलाई ३० दिनभित्र अध्ययन प्रतिवेदन पेस गर्न समयावधि दिइएको छ। ज्येष्ठ सदस्यका रुपमा समिति बैठकको सभापतित्व गर्नुभएका रणेन्द्र बरालीले गर्नुभएको थियो। उखु किसानले चिनी मिलबाट पाउनुपर्ने बक्यौता रकम तथा न्यूनतम सटमर्थन मूल्य नपाएको लगायतका विषयबारे यो उपसमितिले अध्ययन गरेर समितिमा सुझाव पेस गर्नेछ।




## वडा कार्यालयको अपिल

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ। यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो। आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो। यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ। पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन। नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ। वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ। त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुन कार्यक्रम लागु भएको छ। वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं। आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं।

थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस्। अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा **९८१४७३०३६५** मा सम्पर्क गर्नुहोस्।

**मधेश प्रदेश**

**औरही गाउँपालिका**

**सिरहा, औरही वडा नम्बर ५ को कार्यालय**

## समाचार/विविध

### प्रचण्डबिना...

बाहिर जसरी माछा छटपटिन्छ, त्यसरी प्रचण्डबिना उपेन्द्र यादव छटपटिनु हुन्छ ।'

२०७९ को चुनाव समयमा प्रचण्डको साथ छाडेर उपेन्द्र यादवले एमालेसँग लिखित सम्झौता गरेर चुनावमा तालमेल गर्नुभएको थियो । चुनाव सकिने बित्तिकै त्यो सम्झौता रद्द गरेर उपेन्द्र यादव प्रचण्डको छेउमा गएर उभिनुभयो । एमालेसँग भएको लिखित सम्झौतामा प्रष्ट लेखिएको छ, 'तालमेल भएको उपरोक्त निर्वाचन क्षेत्रहरु बाहेक अन्य निर्वाचन क्षेत्रहरुमा दुबै पार्टीले उम्मेदवारी दिन सक्ने र यो सहकार्य निर्वाचन पछि पनि निरन्तर रहने सहमती गरियो ।' तर प्रचण्डबिना एकछिन पनि एक्लै रहन नसक्ने उपेन्द्र सप्तरीबाट विराटनगर हुँदै काठमाडौं आएर सिधै खुमलटार गएर प्रचण्डसँग भेट्नु भएको थियो । त्यसपछि हरेक पाइला पाइलामा प्रचण्डलाई उपेन्द्र यादवले साथ दिँदै आउनुभएको छ ।

### मास्टर बन्न...

काम गर्ने कर्मचारी र शिक्षकलाई कहिले कुनै कुराको अभाव हुन नदिएको बताउँदै तेजुलालले स्कूललाई राम्रो बनाउनका लागि शिक्षक राम्रो हुनुपर्छ र शिक्षक राम्रो हुनुका लागि स्कुलले राम्रो सुविधा दिनुपर्छ त्यसमा आफैले कहिले कमी हुन नदिएको बताउनुभयो ।

अरु अरु स्कूलले जति तलब दिन्थ्यो त्यो भन्दा राम्रो तलब दिनुहुन्थ्यो उहाँले । उहाँले भन्नुभयो, ' प्रत्येक तीन महिनामा शिक्षकको तलब वृद्धि गर्थे, शिक्षकलाई खुशी राखेपछि सबै कुरा आफै खुशी रहन्छ भन्ने मेरो मान्यता थियो र मेरो त्यो मान्यता अहिले पनि कायम छ ।' सुरुमा त स्कूलमाथि कसैले विश्वासै गरिरहेका थिएनन् । घरघर गएर विद्यार्थीका गार्जियनलाई कन्भिन्स गर्नुहुन्थ्यो । घरघरबाट काँखमा विद्यार्थी बोकेर स्कूलमा ल्याउनु हुन्थ्यो । मधेशीको स्कुल हो भनि विश्वास गरिरहेको थिएन । तर तेजुलालको मेहनतका कारण रिजल्ट राम्रै आइरहेका थिए ।

राम्रो रिजल्टका कारण विस्तारै विस्तारै विश्वास जमाउदै जानुभयो । विश्वास यति जमियो कि अरु अरु स्कूलबाट पनि विद्यार्थी आउन थाल्यो । त्यस क्षेत्रमा भएका अरु स्कूलहरु बन्द हुने अवस्थामा पुग्यो । कतिपय स्कूल नै बन्द भए भने कतिपय त्यहाँबाट सारे ।

पाँच वर्षमै तेजुलालले आफ्नो स्कूललाई प्लस टु पनि बनाउनुभयो । एसएलसीसम्ममा पटक पटक बोर्ड फस्ट ल्याएको नाइटिङगल स्कूलले लगायतर तीन पटक राष्ट्रिय पुरस्कार प्राप्त गरेको छ । २०६७ देखि त्यही स्कूलबाट नर्सिङ पढाई पनि सुरु भएको छ ।

### राजनीति

सानो ठिमीको कलेजमा पढ्दासम्म उहाँलाई राजनीतिसँग कुनै मतलब थिएन । पढाई र खेलकुदबाहेक उहाँलाई दुनियाँको कुनै कुरासँग मतलब थिएन । राजनीतिक धेरै टाढाको कुरा । तर क्याम्पसको एउटा घटनाले उहाँलाई राजनीतिक गर्न बाध्य बनायो । कलेजमा छात्रवृतिका लागि सूचना निस्केको थियो । तेजुलालले पनि भर्नुभएको थियो । उहाँको नाम निस्केको थियो तर छात्रवृति दिएन । मधेशी भएकै कारणले आफूलाई त्यहाँका अखिलहरुले छात्रवृतिबाट बन्चित गराएको बताउँदै उहाँले आफू विचारले कम्युनिष्ट थिए तर छात्रवृतिबाट मधेशीकै कारणले बन्चित गर्दा कम्युनिष्टप्रति आफ्नो मोह भंग भएको सुनाउनुभयो । सानो ठिमी क्याम्पसमा केही मधेशी तथा पहाडी मिलेर नेवि संघको इकाइ गठन गरेको बताउँदै उहाँले क्याम्पस छाडेपछि फेरि राजनीतिकबाट टाढिएको बताउनुभयो ।

पाटनको एउटा स्कूलमा पढाई रहँदा त्यतिबेला शिक्षकहरु आन्दोलनमा थिए । त्यो आन्दोलनमा तेजुलाल पनि सहभागी हुनुभएको थियो । रामलगन चौधरी पनि त्यो स्कुलका शिक्षक हुनुहुन्ज्यो । उहाँ कम्युनिष्टको नेता हुनुहुन्थ्यो । तेजुलालको चिनजान भएको थियो । शिक्षकको आन्दोलनमा लागेको बेला तेजुलाल पक्राउ परेर थुनामा पनि पर्नुभएको थियो । सात दिनपछि उहाँलाई रिहा गरेको थियो ।

रिहा गर्दा प्रहरीले चितवनको भरतपुरमा लगेर छाडेको थियो । भरतपुरमा छाडेपछि सिधै गाउँ जान्छन् भनेर प्रहरीले त्यहाँ छाडेको थियो । भरतपुरबाट तेजुलाल गाउँ जानुभएको थियो । केही दिन गाउँ बसेर पुनः काठमाडौं फर्किनु भएको थियो ।

### गिरीजाबाट सदस्यता

२०५४ सालमा काँग्रेसका तत्कालिन सभापति गिरीजप्रसाद कोइरालाबाट क्रियाशिल सदस्यता लिनुभएको थियो । नाइटिङ्गल स्कुल सञ्चालन भइरहेको बेला तेजुलाल राजनीतिमा पनि सक्रिय भइसक्नु भएको थियो । तर उहाँको प्राथमिकतामा आफ्नो विद्यालय नै थियो । २०६२/०६३ को आन्दोलनपछि सप्तरीबाट काँग्रेसको महासमिति सदस्य बन्नुभएको थियो ।

२०६२/०६३ को जनआन्दोलनको उहाँको सक्रिय सहभागिता थियो । त्यही आन्दोलनमा उहाँको सक्रियता देखेर पार्टीले महासमिति सदस्य बनाएको थियो । मधेश आन्दोलनमा पनि उहाँको त्यतिकै सक्रियता थियो । तर त्यो सक्रियता देखिने गरि थिएन । मधेश आन्दोलन हरेक प्रकारको सहयोग उहाँले गर्नुहुन्थ्यो । कहिले काही आन्दोलनमै सहभागी भएर भाषण गर्नुहुन्थ्यो । त्यसले उहाँको पार्टीमा कुरा पनि उठ्थ्यो । तर त्यसको कहिले वास्ता गर्नुभएन ।

मधेशीको हक अधिकारका लागि आन्दोलन भइरहेको हुनाले त्यतिकै चुप लगाएर बस्न सकिएन, तेजुलालले भन्नुभयो, 'मधेशी तथा थारु आन्दोलनलाई फुल सपोर्ट थियो । उपेन्द्र यादवसँग निरन्तर सम्पर्कमा थिए भने विजयकुमार कतियौं पटक स्कुलमा आएर बैठक नै राख्नु भएको थियो ।' धेरैजसो आन्दोलनमा देखिने गरि सहभागित नभएपनि भावनात्मक उपस्थिति हुने गरेको बताउँदै उहाँले २०६४ मा भएको पहिलो संविधान सभा चुनावमा टिकटका लागि निधै प्रयास गरे तर पार्टीले टिकट नदिएको बताउनुभयो ।

टिकट नपाएपनि पार्टीमा उहाँ सक्रिय रहनुभयो । पार्टीले जे जे जिम्मेवारी दिन्थ्यो त्यो अनुसार उहाँले काम गर्नुहुन्थ्यो । २०७० को दोस्रो सविधान सभामा उहाँले टिकट पाउनुभयो । उहाँले चुनाव जित्नुभयो । एमालेको गोविन्द न्यौपानेलाई हराउनुभयो । संविधान निर्माणका लागि सक्रिय भएर लाग्नुभयो । संविधानमा मधेशी तथा थारुको अधिकारी लेखाउनका लीगि पटक पटक कुरा उठाउनुभयो । विभिन्न समितिमा आफ्नो कुरा राख्नुभएको थियो ।

संविधान सभाको बैठकमा पनि थारु र मधेशीले अधिकार नपाएको कुरा उठाउनु हुन्थ्यो । संविधानमा मधेशी तथा थारुको आधिकार लेखिदैन भनि थाह पाएर तेजुलालले अमरेशकुमार सिंह, दिनेश यादव, रामआयोध्या यादवलगायतका नेता तथा सांसदले संविधान निर्माण बहिष्कार गर्नुभएको थियो । आन्दोलन गर्नुभएको थियो । संविधानमा समानुपातिक शब्द राखेपछि मात्र संविधान निर्माणको काम अगाडि बढेको थियो ।

संविधान निर्माण भइसकेपछि काँग्रेस पार्टीको १३ औं महाधिवेशन भएको थियो । त्यसमा उहाँ रामचन्द्र पौडेल समूहको तर्फबाट केन्द्रिय सदस्यमा उम्मेदवारी दिनुभएको थियो । तर उहाँ केन्द्रिय सदस्यमा जित्न सक्नुभएन ।

### राज्यमन्त्री

२०७४ को प्रतिनिधि सभामा चुनाव लड्दा तेजुलाल खेलकुद राज्यमन्त्री थिए । सप्तरी-४ बाट चुनाव लड्नु भएको थियो । १० हजार भन्दा बढी मतले चुनाव जित्नुभयो । त्यसबेला उहाँले मृगेन्द्रकुमार सिंह यादवलाई हराउनु भएको थियो ।

२०७८ मंसिरमा काँग्रेसको १४ औं महाधिवेशन भएको थियो । त्यसमा उहाँले रामचन्द्र पौडेलको समूहबाट थारु कोटामा सहमहामन्त्रीमा उम्मेदवारी दिनुभएको थियो । तर उहाँ हार्नुभयो । सहमहामन्त्रीमा चुनाव हार्नुभएका तेजुलाल २०७९ को चुनावमा भाग लिनुभयो । सप्तरी-४ बाट पुनः चुनाव जित्नुभयो । त्यतिबेला पनि उहाँले जसपाका बालकिशोर यादवलाई पाँच हजार मतले हराउनु भयो ।

### सप्तरीमा योगदान

जागिर त्यसपछि स्कुल सञ्चालनका लागि अधिकाँश समय काठमाडौंमा बिताउने तेजुलाल २०७० देखि लगातार चुनाव जित्दै आउनुभएको छ । तपाईसँग के त्यस्तो शक्ति छ भनि जिज्ञासमा तेजुलालले भन्नुभयो, 'म पेसा व्यवसायका कारण काठमाडौंमा बसेपनि मेरो ध्यान आफ्नो चुनावी क्षेत्रमा नै हुन्छ अलिकति मौका पाउने बित्तिकै म आफ्नो क्षेत्रमा जान्छु ।' शिक्षा क्षेत्रमा लागेका कारण उहाँले सोही क्षेत्रमा बढी विकास गर्ने सोच बनाउनुभयो । आफ्नो क्षेत्रका स्कूलहरुमा छात्रवृतिको व्यवस्था गर्नुभयो ।

प्रत्येक वर्ष ३० जना विद्यार्थीलाई उहाँले छात्रवृति दिनुहुन्थ्यो । एसएलसी टप गर्नेलाई आफ्नै कलेजमा ल्याउने पढाउने समेत गर्नुहुन्थ्यो । तर काठमाडौंमा टिक्दैन्थे । धेरैजसो विद्यार्थी काठमाडौं आएर फर्केका पनि छन् । तेजुलालको चुनावी क्षेत्रका कतिपय मतदाताहरु काठमाडौमा पनि बसिरहेका छन् । त्यसमध्ये कतिपय जो आर्थिक रुपले कमजोर छन् । त्यस्तालाई छात्रवृति तथा अन्य सुविधा पनि उहाँले दिने गर्नुभएको छ । खेलकुदमा रुची भएको कारण युवाहरुलाई खेलकुदको समान वितरण गर्नुको साथै खेलकुदहरु गराउने काम उहाँले गर्नुहुन्थ्यो ।

त्यसबाहेक उहाँले कदमाहामा दुईटा कवड हल बनाउनु भएको छ । बोदेबर्साइनमा बर्थिङ सेन्टर र धर्मशाला बनाउनुको साथै उहाँले कल्याणपुर-बनौली १० किलोमिटर, कममाहा-पटेर्वा आड किलोमिटर, कुसहा-बेल्ही १७ किलोमिटर, खर्चचुहिया-स्वर्णपट्टी १८ किलोमिटर, कल्याणपुर-गाईघाट १८ किलोमिटर सडक बनाउनुभएको हो ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305, Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार